# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## वीरेन्द्रनगर नगरपालिका
## सुर्खेत

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## वीरेन्द्रनगर नगरपालिका
## सुर्खेत

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## वीरेन्द्रनगर नगरपालिका

## सुर्खेत

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत विचार गरी रायसहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारितासमेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तहसम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ ।यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोराउपर छलफल गरिएको छ ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजनासमेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुकोसमेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारीरुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजु फस्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन् । त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरासहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षितरुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरूउपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१ जेठ** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**

**अनामनगर/बबरमहल, काठमाडौं, नेपाल**

महालेखा परीक्षकको कार्यालय नेपाल २०१६

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

कर्णाली प्रदेश

मितिः२०८१।०२।१२

प.सं. २०८०।८१

च.नं. ८३

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुखज्यू,
वीरेन्द्रनगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
सुर्खेत ।

१. **कैफियत सहितकोराय** - हामीले वीरेन्द्रनगर नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियतसहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.१३ करोड ७४ लाख ९३ हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा प्रतिकृयाबाट रु.९ लाख ६८ हजार फर्स्यौट भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.२ करोड ३१ लाख ३८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.४ करोड ५० लाख ३ हजार, नियमित गर्नुपर्ने रु.५ करोड ३९ लाख १० हजार र पेश्की बाँकी रु.१ करोड ४४ लाख ७४ हजारसमेत रु.१३ करोड ६५ लाख २५ हजार रहेको छ । नगरपालिकाको गत वर्षसम्म रु.५५ करोड १३ लाख १८ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको

अद्यावधिक बेरुजू रु.८० करोड ७७ लाख ६६ हजार रहेको छ । नगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं ।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरणउपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोबारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूतरुपमा गलत आँकडारहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी नगरपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूतरुपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्चस्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामासमेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरुपमा गलत आँकडा मानिएको छ ।

(पशुपति कुमार काफ्ले)
**नायव महालेखापरीक्षक**

वीरेन्द्रनगर नगरपालिका,

सुर्खेत,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ८७ | ३६० | १३७४९३ | १ | २७ | ९६८ | ८६ | ३३३ | १३६५२५ | २३१३८ | ५३९१० | ४५००३ | ० | ० | ९८९१३ | १४४७४ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|
| ५५१३१८ | १२८०८५ | ८४६३ | ६७०९४० | ३०१ | १३६५२५ | ८०७७६६ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | | | |
| | | १८ | पेस्की बाँकी | ७४६००० |
| | | ४० | बीमा पेस नभएको | २०००० |
| | | ५७ | अनुगमन भत्ता | ३०६०० |
| | | ७७ | पदाधिकारी भत्ता | ४५४० |
| | | ८७.२ | कर्मचारी विमा भुक्तानी | ७००० |
| | | ८९.१ | अनुगमन भत्ता | ३८२५ |
| | | ९० | कौशी खेती कार्यक्रम बढी भुक्तानी | १२४७५ |
| | | ९१ | कार्यक्रम अनुगमन भत्ता | ४००० |
| | | ९३ | बढी भुत्तानी | २७०० |
| | | १०९ | तलव बढी भुक्तानी | १३६९३९ |
| | **चालु वर्षको जम्मा** | | | **९६८०७९** |
| | **गत विगत वर्षतर्फको** | | | |
| | २०७८।७९ | | नेम्स प्रणालीबाट सम्परीक्षण | ७००९८०० |
| | २०७७।७८ | | नेम्स प्रणालीबाट सम्परीक्षण | १४५३४१९ |
| | **गत विगतको जम्मा** | | | **८४६३२१९** |
| | कुल जम्मा | | | **९४३१२९८** |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय -** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत १६ वडा ८२ सभा सदस्य, २४५.०६ वर्ग किलोमिटर क्षेत्रफल तथा १ लाख ५३ हजार ८ सय ६३ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।८।१० देखि २०८०।१०।१४ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** पालिकाको आय — व्ययतर्फ रु.३ अर्व ८० करोड ५४ लाख ८९ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **स्थानीय संचित कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७९।८० को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ।

| प्राप्ती भुक्तानी हिसाव | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| विवरण | टिप्पणी | बजेट | आफैले गरेको प्राप्ति/ भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/ भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा |
| प्राप्ती ( क + ख ) | | १८२७३११५७२.४८ | १५२५०८८२८६.९५ | | १५२५०८८२८६.९५ | १३२४१९७१२०.९ | | १३२४१९७१२०.९ |
| क. प्राप्ति ( संचितकोषमा आम्दानी बाँधिने ) | | १७८२७५२१८० | १४९३०४६९१६.५७ | ० | १४९३०४६९१६.५७ | १२८९९५०८१९.९ | ० | १२८९९५०८१९.९ |
| ११००० कर | ११ | ३६११०५९६७ | २८३०७५५२५.५६ | ० | २८३०७५५२५.५६ | ३३९३३७२६३ | ० | ३३९३३७२६३ |
| १३००० अनुदान | | ११५७०२१०00 | ११३३८७८५५४ | ० | ११३३८७८५५४ | ८८९४४७५१७.६५ | ० | ८८९४४७५१७.६५ |
| संघीय सरकार | १२ | ८८२४४९००० | ८६२४२१५०० | ० | ८६२४२१५०० | ७६७९९९०४३.६५ | ० | ७६७९९९०४३.६५ |
| प्रदेश सरकार | १२ | २७४५७२००० | २७१४५७०५४ | ० | २७१४५७०५४ | १२१४४८४७४ | ० | १२१४४८४७४ |
| १४००० अन्य राजस्व | | ९५६५०००० | ७५६३५०५९.०१ | ० | ७५६३५०५९.०१ | ५७५२५४५६.२५ | ० | ५७५२५४५६.२५ |
| १५००० विविध प्राप्ति | | १००००० | ४५७७७८ | ० | ४५७७७८ | ३६४०५८३ | ० | ३६४०५८३ |
| ३२००० वित्तीय सम्पत्ति | | १६८८७५२१३ | ० | ० | ० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | ४४५५९३९२.४८ | ३२०४१३७०.३८ | | ३२०४१३७०.३८ | ३४२४६३०१ | | ३४२४६३०१ |
| वितरण गर्न बाकी राजस्व | | ० | २४६८४७४६.३८ | ० | २४६८४७४६.३८ | ० | ० | ० |
| कोषहरु | | ४४५५९३९२.४८ | ० | ० | ० | २५९६०९१६ | ० | २५९६०९१६ |
| धरौटी | | ० | ७३५६६२४ | ० | ७३५६६२४ | ८२८५३८५ | ० | ८२८५३८५ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| भुक्तानी ( ग + घ ) | | १८२७३११५७२.४८ | १४२०८३३०६०.८५ | | १४२०८३३०६०.८५ | १२८१०३५५७१.६ | | १२८१०३५५७१.६ |
| ग. भुक्तानी ( सञ्चित कोषबाट ) | | १७८२७५२१८० | १३८३९३४१२५.७२ | | १३८३९३४१२५.७२ | १२२८०४६३८१.३७ | | १२२८०४६३८१.३७ |
| २१००० पारिश्रमिक/ सुविधा | १८ | ५७०८८६०००० | ५३१५१७८६४.९४ | ० | ५३१५१७८६४.९४ | ४५३७०७०००.६९ | ० | ४५३७०७०००.६९ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ४६६८००११८ | ३७०४०४८१३.०४ | ० | ३७०४०४८१३.०४ | ३५४९५७००४.६६ | ० | ३५४९५७००४.६६ |
| २४००० ब्याज, सेवा शुल्क तथा बैंक कमिशन | १८ | ३०००००० | ३०००००० | ० | ३०००००० | ३०००००० | ० | ३०००००० |
| २५००० सहायता ( Subsidy) | १८ | ६१९५००० | ४४७४८५९ | ० | ४४७४८५९ | ७३७९६५१ | ० | ७३७९६५१ |
| २६००० अनुदान | १८ | ० | ० | ० | ० | ३९११८६० | ० | ३९११८६० |
| २७००० सामाजिक सुरक्षा | १८ | २३५८०००० | १९५०२६९२ | ० | १९५०२६९२ | १९१७२७२७ | ० | १९१७२७२७ |
| २८००० अन्य खर्च | १८ | ८६७०००० | ७२०४७५७.९४ | ० | ७२०४७५७.९४ | ३७३४७१५ | ० | ३७३४७१५ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ७०३६२१०६२ | ४४७८२९१३८.८ | ० | ४४७८२९१३८.८ | ३८२१८३४२३.०२ | ० | ३८२१८३४२३.०२ |
| ३२००० वित्तीय सम्पत्ति | १८ | ० | ० | ० | ० | ० | ० | ० |
| घ. अन्य भूक्तानी | | ४४५५९३९२.४८ | ३६८९८९३५.१३ | | ३६८९८९३५.१३ | १२८१०३५५७१.६ | | १२८१०३५५७१.६ |
| कोषहरु | | ४४५५९३९२.४८ | २४९४०२५४ | ० | २४९४०२५४ | ४०७९२०८१.५ | ० | ४०७९२०८१.५ |
| धरौटी | | ० | १२८८६९३० | ० | १२८८६९३० | १२१९७१०८.७३ | ० | १२१९७१०८.७३ |
| कट्टी रकम भुक्तानी / दाखिला गर्न बाकी | | | -९२८२४८.८७ | | -९२८२४८.८७ | | | |
| ङ. यो वर्षको बचत ( न्युन ) | | | १०४२५५२२६.१ | | १०४२५५२२६.१ | ४३१६१५४९.३ | | ४३१६१५४९.३ |
| च. गतवर्षको जिम्मेवारी रकम ( अ . ल्या ) | | | ५२८९८६२४७.२९ | | ५२८९८६२४७.२९ | ४६५६७३५४१.८१ | | ४६५६७३५४१.८१ |
| वर्षान्तको बाकी रकम ( ङ + च ) | | | ६३३२४१४७३.३९ | | ६३३२४१४७३.३९ | ५०८८३५०९१.११ | | ५०८८३५०९१.११ |
| बैंक तथा नगद बाकी | २४ | | ६३३२४१४७३.३९ | | ६३३२४१४७३.३९ | ५०७४५७४१४.१५ | | ५०७४५७४१४.१५ |

२.१ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत

वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.३६,२८,३४,२७६।० एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम रु.१,७५,००,०००।०, स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम रु.७०,००,०००।०, गरिवसँग विशेश्वर कार्यक्रम रु.४,१३,०००/०- तथा प्रदेशतर्फ प्रदेश तथ स्थानीय शासन सहयोग कार्यक्रम ३८,२५,४६९।०, आन्तरिक मामिला तथा कानून मन्त्रालय रु.१३,४४,०००।०, सामाजिक विकास मन्त्रालयको रु.१,३५,०००।०, पूर्वाधार विशेष कार्यक्रमको रु.३,६७,३२,१८२।० समेत गरी रु.४२,९७,८३,९२७।० उक्त आर्थिक विवरणमा समावेश छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

२.२ **फरक जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.५१,१५,३१,२५१।१५ मौज्दात रहेकोमा यो वर्ष रु. ५२,८९,८६,२४७।२९ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. १,७४,५४,९९७।१४ बढी जिम्मेवारी सारेको सम्बन्धमा एकिन गर्नुपर्दछ ।

२.३ **निकासा फिर्ता नगरेको** - पालिकाले प्रदेश सशर्त तर्फको रकम तोकिएबमोजिम खर्च गर्नु पर्ने र खर्च नभएको रकम सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयमा निकासा फिर्ता गर्नुपर्दछ । पालिकाले यस वर्ष प्रदेश सशर्ततर्फको खर्च नभई बचत रहेको रु.७,२८,३२,६३५।०० मध्ये रु.४,९७,२६,५९०।०० मिति २०८०।५।११ मा फिर्ता गरी बाँकी रु.२,३१,०६,०४५।० स्थानीय संचित रहेको पाइयो । उक्त रकम प्रदेश संचितको दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,३१,०६,०४५ |

२.४ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ ।

| खाताको प्रकार | श्रेस्ता अनुसार बाकी रु | बैक स्टेटमेन्ट अनुसरा | फरक |
|---|---|---|---|
| ग १.१, आन्तरिक राजस्व खाता | ३१२१५९१.२७ | ३१२१५९१.२७ | ० |
| ग १.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ८१२४७२.६१ | ८१२४७२.६१ |
| ग १.३, आन्तरिक अनुदान खाता | ० | ० | ० |
| ग २.२, चालू खर्च खाता- जोर वर्ष | ० | २१५७५२९०५.३ | २१५७५२९०५.३ |
| ग २.४, पुंजीगत खर्च खाता- जोर वर्ष | ० | १७०३२१७३८.५५ | १७०३२१७३८.५५ |
| ग २.७, विविध खर्च खाता | १५१५८११९.४८ | १५५६३३६९.४८ | ४०५२५०. |
| ग ३.१, स्धानीय तह धरौटी खाता | १४७९९०९०.६८ | २०१६५२०८.२६ | ५३६६११७.५८ |

| | | | |
|---|---|---|---|
| ग ३.१, स्थानीय तह धरौटी खाता | २८९०५७.७२ | ० | -२८९०५७.७२ |
| ग ४.१, स्थानीय तह सञ्चित कोष खाता | ५६९६९५१६७.८६ | १८३०८८८०८.४ | -३८६६०६३५९.४६ |
| ग ६.१, स्थानीय तह विभाज्य कोष खाता | २४६८४७४६.३८ | २४६८४७४६.३८ | ० |
| ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ५४९३७००. | ५४९५४१९. | १७१९ |
| **जम्मा** | **६३३२४१४७३.३९** | **६३९००६२५९.२५** | **५७६४७८५.८६** |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरेको पाइएन । श्रेस्ता अनुसार बाँकी मौज्दात रु. ६३,३२,४१,४७३।३९ र बैक अनुसार रु. ६३,९०,०६,२५९।२५ देखिएकोमा स्रेस्ता भन्दा बैक मौज्दात रु. ५७,६४,७८५।८६ वढी मौज्दात देखिएकोमा सम्बन्धमा स्रेस्ता र बैङ्कबीच हिसाब एकिन गर्नुपर्दछ ।

२.५ **कर दायित्व —** पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु.९,२८,२४८।८७ देखाएको छ । यकिन भई सकेको कर दायित्व सम्बन्धित आर्थिक वर्षमा दाखिला नगरी आर्थिक वर्ष २०८०।८१ मा वर्ष रु. ८९५५६८।० दाखिला गरेको छ । बाँकी दायित्व रु. ३२६८०।८७ सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३२,६८०.८७ |

२.६ **कल्याण कोष —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले सो लगायत विपद व्यवस्थापन कोष, मर्मत संभार कोष लगायत कुनै पनि कोष खडा गरेको देखिएन ।

३ **बजेट सीमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेपनि तोकिए बमोजिम कार्य भएको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

४ **बजेट तथा कार्यक्रम तर्जुमा** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको

प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

५ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा नगर उप प्रमुख श्री निलकण्ठ खनालले २०७९।०३।१० गते रु.२ अर्व ५० करोड २५ लाख ४४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७८।०३।१९ मा पारित भएको छ । पालिका प्रमुखले २०७९।०३।२७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

६ **योजना प्राथमिकीकरण -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार १६ वडाको लागि वडागत र पालिकास्तरका कुल ४८० योजनामा वजेट विनियोजन गरेको छ ।

| क्र.सं | विवरण | आ.ब. | स्वीकृत | | सम्पन्न | | बाँकी | | क्रमागत | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | आयोजना संख्या | कार्यक्रम संख्या | आयोजना संख्या | कार्यक्रम संख्या | आयोजना संख्या | कार्यक्रम संख्या | आयोजना संख्या | कार्यक्रम संख्या |
| १ | नगर तर्फ | २०७९/०८० | २५६ | १८५ | ४०५ | | २९ | ७ | २९ | ७ |
| २ | वडा तर्फ | २०७९/०८० | २२४ | ३८३ | ६०० | ७ | ७ | | ७ | |
| | | जम्मा | ४८० | ५६८ | १००५ | ७ | ३६ | ७ | ३६ | ७ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

७ **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| सि.नं. | क्षेत्र / उपक्षेत्र | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ६८१९०००० | ३८७८९५९९ | ३.८२ |
| २ | सामाजिक विकास | ७४८२३९००० | ६६०४९६०५६.६ | ४१.९७ |
| ३ | पूर्वाधार विकास | ५७७५०१२९० | ३७४४५३४७२.८ | ३२.३९ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धी क्षेत्र | ५७९१३००० | ३२९५११६४ | ३.२५ |
| ५ | कार्यालय संचालन तथा प्रशासन | ३३०९०८८९० | २७७२४३८३३.३२ | १८.५६ |
| | **जम्मा** | **१७८२७५२१८०** | **१३८३९३४१२५.७२** | **१००** |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४१.९७ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धी क्षेत्रमा सबै भन्दा घटीमा ३.२५ प्रतिशत रहेको छ ।

८ **त्रैमासिक पुँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७६ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| बजेट उपशिर्षक | कुल खर्च | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक | असार महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| पूँजिगत खर्चतर्फ | ४४७८२९१३८ | २८४८४५४७ | ३८३२०७९६ | १०७८८१९३७ | २७३१४१८५८ | १५३७७९२१९ |
| प्रतिशत | १०० | ६.३८ | ८.५५ | २४.०८ | ६०.९९ | ५६.३ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रू.४४ करोड ७८ लाख २९ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. २ करोड ८४ लाख ८४ हजार अर्थात ६.३८ प्रतिशत, दोश्रो त्रैमासिकमा रु. ३ करोड ८३ लाख २० हजार अर्थात ८.५५ प्रतिशत, तेश्रो त्रैमासिकमा रु. १० करोड ७८ लाख ८१ हजार अर्थात २४.०८ प्रतिशत र चौथो त्रैमासिकमा रु.२७ करोड ३१ लाख ४१ हजार अर्थात ६०.९९ प्रतिशत र असार मसान्तमा मात्र रु१५ करोड ३७ लाख ७९ हजार अर्थात चौचो चौमासिक खर्चको ५६.३० प्रतिशत खर्च गरेको देखिएको छ । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

९ **खर्च बिश्लेषण** - पालिकाले यसवर्ष कुल आन्तिरक आय २२ करोड १० लाख ४३ हजार, राजस्व बाँडफाँड रु.१३ करोड ८१ लाख २४, अनुदानबाट रु.१ अर्ब १३ करोड ३८ लाख ७८ हजार र अन्य आय रु. ४६ करोड १८ लाख २५ हजार समेत रु.१ अर्ब ९५ करोड ४८ लाख ७२ हजार आम्दानी भएकोमा चालुतर्फ

रु.९३ करोड ६१ लाख ४ हजार, पूँजिगततर्फ रु.४४ करोड ७८ लाख २९ हजार र अन्य भुक्तानी रु.४६ करोड ६६ लाख ८२ हजार गरी रु.१ अर्ब ८५ करोड ६ लाख १६ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ११.९४ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.१ करोड ५० लाख खर्च भएको छ जुन आन्तरिक आयको ६.७८ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट चालु ६५.६५ र पूँजिगत ३२.३५ प्रतिशतमात्र पुँजीगत खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१० **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। पालिकाबाट भुक्तानीमा बीलभर्पाइ वेगर भुक्तानी गर्ने, लेखाका कर्मचारीलाई पेश्की दिने, सिधै भुक्तानी गर्न सकिने काममा पेश्की लिने, विभिन्न कार्यक्रमका लागि एकमुष्ट पेश्की दिने, बिल भन्दा बढी भुक्तानी लिने, खरिद तथा कार्यक्रम संचालन लागत अनुमान तयार नगर्ने, खरिद ऐन तथा नियमावली पालना नगरी खरिद कार्य गर्ने, खरिद भएका मालसान दाखिला नगर्ने, चालु खर्चको बेमनासिव तथा अनाबश्यक खर्च गर्ने जस्ता आर्थिक अनुशासन पालना नहुने गरी खर्च लेखेको देखिएकोले नियन्त्रण सन्तुलन प्रणाली कमजोर देखिएको छ । पालिकाले कार्य प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कृयाकलाप प्रति विश्वस्त हुने आधार तयार गर्नु पर्दछ । तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

११ **कानुन र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमुना कानुनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ५ ऐन, नियमावली २ कार्यविधि ६ लगायत १४ कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले १४ कानुनहरु निर्माण गरी सभा/कार्यपालिकाबाट स्वीकृत गरेर राजपत्रमा प्रकाशन गरेको छ ।

१२ **सेवाप्रवाहको स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

| विवरण | निवेदन दर्ता | सिफारिस भएको संख्या |
|---|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ८६३ | ७०२ |
| जन्मदर्ता | १७०५० जना | |
| मृत्युदर्ता | ३४९१ परिवार संख्या | |

| | | |
|---|---|---|
| बसाईसराई दर्ता | ५३३४ आएकोले र १६८१ गएको दर्ता संख्या | |
| विवाह दर्ता | ६५२९ | |
| सम्वन्ध विच्छेद | ३९४ | |

उपर्युक्त तालिकाबाट नगरको समग्र सेवा प्रबाहको विवरण माग गरेको भएपनि प्राविधिक शाखाले कुनै पनि विकास निर्माण कार्यको अभिलेख नराखेबाट पञ्जीकरण बाहेकका अन्य शाखाको विवरण प्राप्त भएन ।पालिकाले सडक मर्मत गरेकोमा सडकको अभिलेख राख्ने गरेको छैन । पालिका अन्तर्गत कालोपत्र सडक, ग्राभेल, कच्ची सडक लगायत संघ र प्रदेश सरकारको क्षेत्राधिकार भएको सडकको विवरण राखेको छैन् वा राखेर पनि उपलव्ध गराएको छैन । प्राविधिकहरुले लेखापरीक्षण प्रति जिम्मेवार भई माग भएअनुसारको विवरण पेश गर्न आलटाल गर्ने गरेका छन् । नगरको बस्ति विकासका लागि महत्वपूर्ण रहेको घरजग्गा नक्सा पास गर्ने काम १६१ निवेदन पेन्डिङ्ग रहेको विवरण पेश गरेको छ ।नगरपालिकाले निर्माण गरेको १५ शैया अस्पताल क्षेत्रमा सडकमा बनाएको (फोटो संलग्न) भवन निर्माणमा समेत पालिका प्राविधिकको ध्यानकर्षण भएको देखिएन ।नियमित कार्य सहजताका लागि राखिने म.ले.प.फारम ५०७ समेत पेश भएन । आफ्नो शाखाले वर्षभरी गरेको कामको विवरण र प्रगति लेखापरीक्षण प्रयोजनका लागि माग गर्दा उपलव्ध नगराउने सम्बन्धित कर्मचारीलाई पालिकाले जिम्मेवार बनाई माग भएको विवरण उपलव्ध गराउने वातावरण तयार गर्नुपर्दछ ।

१३ **आवधिक योजना -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

१४ **जिन्सी निरीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेकोमा प्रचलित कानुनले निर्धारण गरेको ढाँचामा छैन। जसले गर्दा पालिकाको जिन्सीको वास्तविक अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

१५ **आर्थिक सहायता -** पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी रु.२०,२४,५००।- आर्थिक सहायता वितरण गरेको छ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

१६ **ठेक्का अभिलेख -** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्काि अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुछपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्काि

सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्कीा ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्कान अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

१७ **बोलपत्र फाइल** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ ले बोलपत्रमार्फत खरिद कार्य गर्दा सोको पूर्व तयारी, लगात अनुमान देखि कार्य सम्पन्न भएसम्मका कागजात संलग्न गरी पञ्जिका सहित बोलपत्र फाइल तयार गरी सम्पूर्ण क्रियाकलाप खुल्ने गरी खरिद कार्यको फाइल सुरक्षित राख्नु पर्ने व्यवस्था गरेको छ ।पालिकाले बोलपत्रका फाइलहरु नियमको उक्त व्यवस्था बमोजिम तयार गरी पञ्जिका सहित अभिलेख राखेकव छैन ।खरिद कार्यको अभिलेख व्यवस्थित नहुँदा खरिद अभिलेख कमजोर भई तोकिएको समयमा पूर्ण विवरण दिन सक्ने अवस्था छैन । खरिद कार्यमा भएका सम्पूर्ण क्रियाकलाप समेटीने फाइल तयार गर्नुपर्दछ ।

१८ **पेश्की बाँकी** - आर्थिक कार्यविधि तथा वित्तिय नियमावली, २०७७ को नियम ४७(४)) अनुसार पेश्की लिने व्यक्ति, संस्थाले काम सम्पन्न भएको पन्ध्र दिन भित्र विल भरपाई सहित पेश्की फस्यौंट गर्नुपर्नें त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ सम्झौता बमोजिमको काम त्यस्तो सम्झौतामा उल्लेखित समयावधिभित्र सम्पादन नगरेको कारणले पेश्की फस्यौंट हुन नसकेमा सार्वजनिक निकायले बैक जमानतको रकम जफत गरी पेश्की फस्यौंट गर्नुपर्ने र निजबाट त्सस्तो रकमको सयकडा १० प्रतिशतका दरले व्याज समेत असुल उपर गर्नुपर्ने उल्लेख छ । पालिकाले निम्नानुसार रु.१,५२,१९,५७८.३ पेश्की दिएकोमा पेश्की फस्यौंट गरेको देखिएन । कानूनले तोके बमोजमि व्याजसहित असुल फस्यौंट गर्नुपर्ने रु.

| पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | म्याद नाघेको पेश्की | जम्मा पेश्की |
|---|---|---|---|
| सवारी साधन इन्धन | सर्वजित वली | २०००० | २०००० |
| संचार पानी तथा बिजुली | विनोद बहादुर खड्का | १९४४५ | १९४४५ |
| सुरक्षा प्रणाली तथा उपकरण प्राप्ति खर्च | रुषा निर्माण सेवा | १२९७३३ | १२९७३३ |
| सडक तथा पूल निर्माण | शुभ कृति कन्स्ट्रक्सन | १३४७४८ | १३४७४८ |
| वडा स्थित भित्रि टोलमा रहेका साना बाटोहरूको सडक स्तरोन्नती | द अभिमन्नु कन्स्ट्रक्सन | २१८००० | २१८००० |
| ल्यानफिल साईट पहुँच मार्ग निर्माण | श्री आर कन्स्टक्सन | १९२५०० | १९२५०० |
| साविक वि न पा ३ को वडा कार्यालयको पूर्वी किनारबाट उत्तर तर्फको सडक | चामुण्डा निर्माण सेवा | १६६००० | १६६००० |
| सिद्धार्थ होटेल लाइन देखि फलाँटे जोड्ने सडक वी न पा ३ | माँ देउती कन्स्ट्रक्सन | ३५३५०० | ३५३५०० |
| तीलपुर देखी अलायचौर धर्मपुर जाने सडक स्तरोन्नती तथा कालोपत्रे | गेहेन्द्र निर्माण सेवा | ४००००० | ४००००० |
| महिला तथा बालबालिकाको लागी सुरक्षित आवास गृह व्यवस्थापन आवाज संस्था सहकार्य | परिवेश निर्माण सेवा | २३५००० | २३५००० |
| गोठीकाँडा- छेडा हुदै बराहताल जोडने सडक स्तरोन्नती | परिवेश निर्माण सेवा | १९६००० | १९६००० |
| इम्यानुयल स्कूल मार्ग हुँदै डम्बर बहादुर सिंहको घरसम्म सडक कालोपत्रे वी.न.पा. १० | मधु कन्स्ट्रक्सन | ५६०००० | ५६०००० |
| सेफ हाउस ब्यवस्थापन तथा संचालन | परिवेश निर्माण सेवा | २३५००० | २३५००० |
| शिव पाउरोटी पश्चिम शान्ति चौक हुदै विष्णु शाहीको घर हुदै शानिचोक सडक स्तरोन्ती विनपा ६ | आयुष निर्माण सेवा | १५०००० | १५०००० |
| गत आ.व. को अलपत्र सडक कालोपत्रे | उत्तम निर्माण सेवा | ३९५००० | ३९५००० |
| घण्टाघर पार्कको वाल निर्माण वडा नं. ८ | नमस्ते निर्माण सेवा | ४६९००० | ४६९००० |
| हस्तविर विद्यालय अनुदान वडा नं. १२ | श्री हस्तवीर आधारभुत विद्यालय , चनौटे | ५००००० | ५००००० |
| बाल विवाह विरुद्धको साझा संजाल सहकार्य कार्यक्रम | आवाज | २५०००० | २५०००० |

| | | | |
|---|---|---|---|
| विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | श्री कृष्ण संस्कृत तथा साधारण माध्यमिक विद्यालय | ६५०००० | ६५०००० |
| विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय , चिसापानी | ६५०००० | ६५०००० |
| विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | श्री शिव माध्यमिक विद्यालय धुलियाविट सुर्खेत | ६५०००० | ६५०००० |
| विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | श्री कोपिला माध्यमिक विद्यालय, पर्सेनी , सुर्खेत | ६५०००० | ६५०००० |
| विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय , खजुरा | ६५०००० | ६५०००० |
| राम्रो अभ्यास गरिरहेको र विद्यार्थी संख्या बढी भएका बाल विकास कक्षाका लागि स्मार्ट टिभिको व्यवस्थापन | श्री जुनतारा प्रावि खोर्के | १००००० | १००००० |
| राम्रो अभ्यास गरिरहेको र विद्यार्थी संख्या बढी भएका बाल विकास कक्षाका लागि स्मार्ट टिभिको व्यवस्थापन | श्री नेपाल राष्ट्रिय चन्द्रगंगा माध्यमिक विद्यालय सुर्खेत | १००००० | १००००० |
| राम्रो अभ्यास गरिरहेको र विद्यार्थी संख्या बढी भएका बाल विकास कक्षाका लागि स्मार्ट टिभिको व्यवस्थापन | श्री हस्तवीर आधारभुत विद्यालय , चनाैटे | १००००० | १००००० |
| पंजिकरण अभिलेख डिजिटाइज | शुभम मल्टि टेक्निकल ट्रेनिङ्ग एण्ड रिसर्च सेन्टर | ३००००० | ३००००० |
| केन्द्रबाट छनौट भएका नमुना विद्यालय , विशेष विद्यालयको क्रमागत भवन निर्माण तथा कक्षा ११ स्तोन्नति भएका प्राविधिक धार विद्यालयको ल्याव व्यवस्थापन अनुदान | श्री जन नमुना माध्यमिक विद्यालय | ५०००००० | ५०००००० |
| विधुतको पोल विस्तार | नेपाल विद्यत प्राधिकरण, सुर्खेत वितरण केन्द्र | ९९९६५२.३ | ९९९६५२.३ |
| | जम्मा | १४४७३५७८.३ | १४४७३५७८.३ |

***(प्रारम्भिक प्रतिवेदनउपर पेश्की फस्योँट भई पेश भएको आधारमा मिति २०८१।१।६ को निर्णयबाट रु.८,४६,०००।- सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| पेश्की | १,४४,७३,५७८.३ |

१९ **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले

आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च(रु. हजारमा) | आन्तरिक आय(रु. हजारमा) | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ११३३८७८ | २२१०४३ | १९.४९ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १९.४९ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२० **राजस्व -** पालिकाले विभिन्न वडा कार्यालय बाट विभिन्न शिर्षकबाट रु. १३२२३१५६८.५८ प्राप्त गरि आन्तरिक आम्दानीमा जनाएको भएतापनी छनौटमा परेका वडा हरुको सरिद तथा रसिद नियन्त्रण खाताको विवरण को चेक जाँच गर्दा पालिकाबाट फोहोरमैला संकलन, उद्यान तथा पार्क, लगायतका आम्दानी रसिद तथा मालपोत रसिद प्रयोग भई राजस्व संकलन हुने शीर्षकहरुको आम्दानी रसिद तथा मालपोत रसिदहरु लेखापरीक्षणको समयमा पेश भएन। यसले गर्दा कति राजस्व संकलन भयो भन्ने यकिन हुन सकेन ।यस्तै लेखापरीक्षणको क्रममा रसिद नियन्त्रण खाता, खर्च भएका रसिद समेतको विवरण र आम्दानी पेश भएको छैन ।

२१ **राजस्वको पहिचान -** पालिकाले पालिका भित्रका राजस्वका क्षेत्रहको दायरा बढाइ पालिकाको आम्दानी बढाउने तर्फ ध्यान दिनुपर्दछ ।पालिका भित्रका शैक्षिक संस्था तथा ट्युसन सेन्टरहरुलाई नियमन गरी पालिकाको आम्दानी बढाउनु पर्ने देखिन्छ ।

२२ **राजस्व बक्यौता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ६१ मा कार्यालय प्रमुखले प्रत्येक महिना राजस्व छुट भए वा नभएको र राजस्व लेखा तथा दाखिलाको निरिक्षण गरी अद्यावधिक गर्नु पर्ने तथा कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २७ मा राजस्व दाखिला र राजस्वको लेखा राख्ने उल्लेख छ । नगरपालिकाले निम्नानुसारको घर बहाल लगाएकोमा विभिन्न मिति देखि नै घरभाडा राजस्व असुल नगरी बक्यौता राखेकोले सम्बन्धितलाइ जिम्मेवार बनाई जरिवाना समेतको हिसाब गरी असुल गर्नुपर्ने रु.

२२.१ **सिटी बसपार्क तर्फ**

| सि.नं. | सटर नं. | व्यवसायको नाम | व्यवसायीको नाम | वहाल वुझाउन वाँकी रकम |
|---|---|---|---|---|
| १ | १ | सुवोध जनरल स्टोर | आनन्द कुमारी अधिकारी | २५००० |
| २ | २ | राजेश खुद्रा पसल | अन्जना वि क | २५००० |
| ३ | ४ | हिरा मोवाईल पसल | रेनुमायाँ श्रेष्ठ | ७५००० |
| ४ | ५ | सुजन सपिङ्ग सेन्टर | सुजन सैजु | १५०००० |

| | | | | |
|---|---|---|---|---|
| ५ | ०७-Jun | दैलेखी पूजा खाजा घर | गोमा थापा | १५०००० |
| ६ | ८ | गुरुङ्ग प्रिन्सु खाजा घर | मिन कुमारी गुरुङ्ग | ८०००० |
| ७ | ९ | दैलेखी शर्मिला खाजा घर | सीता थापा | १२०००० |
| ८ | १० | संझना लेकवेशी होटल | अनिता वि क | १२०००० |
| ९ | ११ | गुर्भाकोट होटल | दुर्ग वहादुर पाण्डे | ४०००० |
| १० | १२ | ओकन फायरफुड एण्ड चाईनिज नास्ता पसल | रेशम नेपाली | १२०००० |
| ११ | १३/१४ | सुमन होटल | लक्ष्मी कुमारी मल्ल | २४०००० |
| १२ | १५/१६ | नववुद्ध खाजा घर | सरस्वती वुढा | २४०००० |
| १३ | १७ | महावु होटल | तारा कुमारी शाही वुढा | १२०००० |
| १४ | १८ | न्यु शर्मा नास्ता पसल | नरेन्द्र प्रसाद शर्मा | १२०००० |
| १५ | १९ | खानभाई विरयानी सेन्टर | अलि मोहम्मद मियाँ | १२०००० |
| १६ | २० | न्यु दिक्षा किराना पसल | धनु अधिकारी | १२०००० |
| १७ | २१ | जाजरकोटी खाना नास्ता पसल | भवानी सि शाही | ४०००० |
| १८ | २२ | न्यु दैलेखी आठविस होटल | मन्जु शाही | १२०००० |
| १९ | २३ | न्यु पञ्चकोशी दुल्लु नाउले होटल | शेर वहादुर थापा | १२०००० |
| २० | २४/२५ | रीता नास्ता पसल | रीता पुलामी मगर | २४०००० |
| २१ | २८ | मुगु रारा कर्णाली सोरु होटल | श्री चन्द्र जैसी | २०००० |
| २२ | ३० | न्यु दुल्लु गणेश खाजा घर | खम्बिरा शाही | १००००० |
| २३ | ३१ | न्यु डाँडीमाडी खाजा घर | लक्ष्मी वि क | १५०००० |
| २४ | ३२ | न्यु ग्रिस्मा जनरल स्टोर | धन वहादुर नेपाली | १५०००० |
| २५ | ३६ | मुललाईट फाष्टफुड कर्नर | अनिता शाही | १५०००० |
| २६ | ३७ | सागर होटल | मनसरा कुमारी वि क | १५०००० |
| २७ | ३८ | सूर्य स्टोर | कुन्ता पराजुली | १५०००० |
| २८ | ४२ | दैलेखी थापा चिया नास्ता पसल | तेज वहादुर थापा | ७५००० |

| | | | | |
|---|---|---|---|---|
| २९ | ४३ | मुगु रारा कर्णाली रेष्टुरेण्ट | श्री चन्द्र जैसी | १५००० |
| ३० | ४४ | आर्यन हेरय कटिङ्ग सैलुन | हंस कुमारी ठाकुर | ९०००० |
| ३१ | ४६ | न्यु दुल्लु मनिषा खाजा घर | लक्ष्मण वि क | ९०००० |
| ३२ | ४७ | तिवारी खाजा घर | देविराम शर्मा | ९०००० |
| ३३ | ४९ | एस के किराना पसल | कृष्ण वहादुर वुढा | ४५००० |
| ३४ | ५० | न्यु करुणा फेन्सी पसल | खगेन्द्र प्रसाद लामिछाने | ४५००० |
| ३५ | ५१ | मुनलाईट फाष्टफुड कर्नर | अनिता शाही | ९०००० |
| ३६ | ५२ | आचार्य चाईनिज फाष्टफुड | विद्धा प्रसाद आचार्य | ९०००० |
| ३७ | ५५ | वागेश्वरी जनरल अर्डर सप्लायर्स | | ९०००० |
| ३८ | ५६ | न्यु डाँडीमाडी खाजा घर | लक्ष्मी वि क | ९०००० |
| ३९ | ५७ | गुरुङ्ग प्रिन्सु एण्ड खाजा घर | मिन कुमारी गुरुङ्ग | ९०००० |
| | | **जम्मा** | | **४१५५०००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४१,५५,००० |

२२.२ हटिया तर्फको -

| सि.नं. | व्यावसायको नाम थर | कोठा नं | २०८० असार मसान्तसम्म बुझाउन बाँकी रकम | कैफियत |
|---|---|---|---|---|
| १ | देवीराम तिवारी | | | कुनै कागजात नभएको |
| २ | निरन्जन के सी | विशाल बजार | २२९२५२ | जेठ र असार |
| ३ | सुनिता राना | | ३६२४ | वैशाख-असार |
| ४ | राम बहादुर थारु | | १७६०० | २०७९ मंसिर-०८० असार |
| ५ | जयन्ती चन्द | | ७४२४ | २०७९ मंसिर-०८० असार |
| ६ | आशा थापा | | २६४०० | ०७९ श्रावण-०८० असार |
| ७ | तारा खत्री | | २६४०० | ०७९ श्रावण-०८० असार |

| | | | | |
|---|---|---|---|---|
| ८ | सहनाथ कवाडिया सोझे राई | | ५०८०० | ०७९ श्रावण-०८० असार |
| ९ | नन्द बहादुर खत्री | | २६४०० | ०७९ श्रावण-०८० असार |
| १० | टोपेन्द्र जंग शाही | | ३८४०० | ०७९ श्रावण-०८० असार |
| ११ | दल बहादुर अधिकारी | | ३५०४० | ०७९ श्रावण-०८० असार |
| १२ | लोक बहादुर कुमाल | | २०६४० | ०७९ माघ-०८० असार |
| १३ | डण्ड बहादुर विश्वकर्मा | | ३३१२० | ०७९ श्रावण-०८० असार |
| १४ | सन्तोष वि क | | ९३१२ | ०७९ श्रावण-०८० असार |
| १५ | चन्द्रकला कामी | | २००० | ०८० असार |
| १६ | तारा कुमारी शाही | | २४००० | ०७९ श्रावण-०८० असार |
| १७ | विरे कामी | | २०००० | ०७९ असोज-०८० असार |
| १८ | नर बहादुर भण्डारी | | २२३०० | ०७९ भदौ-०८० असार |
| १९ | पार्वती तिरुवा | | २४००० | ०७९ श्रावण-०८० असार |
| २० | जसविर कुमाल | | २४००० | ०७९ श्रावण-०८० असार |
| २१ | गगन ब सुनार | | २००० | असार |
| २२ | अमृता देवी नेपाली | | १४००० | ०७९ पौष-०८० असार |
| २३ | श्याम नेपाली | | २४००० | ०७९ श्रावण-०८० असार |
| २४ | दिपक नेपाली | | २४००० | ०७९ श्रावण-०८० असार |
| २५ | प्रेम बहादुर सुनार | | १६००० | २०७९ मंसिर-०८० असार |
| २६ | टिकाराम दमाई | | २४००० | ०७९ श्रावण-०८० असार |
| २७ | चन्द्रलाल बुढा मगर | | २४००० | ०७९ श्रावण-०८० असार |
| २८ | फजिर बक्स- अमर वि क | | २४००० | ०७९ श्रावण-०८० असार |
| २९ | रविलाल विश्वकर्मा | | २४००० | ०७९ श्रावण-०८० असार |
| ३० | रमेश कु भण्डारी | | १६००० | २०७९ मंसिर-०८० असार |
| ३१ | ईन्द्रे कुमाल | | २४००० | ०७९ श्रावण-०८० असार |
| ३२ | मोहदरा थापा | | १६००० | २०७९ मंसिर-०८० असार |

| | | | | |
|---|---|---|---|---|
| ३३ | विष्णु कामी | | ९३१२ | ०७९ श्रावण-०८० असार |
| ३४ | विर बहादुर वि क | | ४६५६ | ०७९ माघ-०८० असार |
| ३५ | पि आर कन्स्ट्रक्सन | बसपार्क भाडा | ९८६५८५१ | २०७९ भाद्र ३ देखि बसपार्कमा नगरपालिकाले समेत शुल्क उठाएको देखिन्छ । यसरी पि आर कन्स्ट्रक्सन संग सम्झौता नतोड्दै रु १३८०१९०।०० यस कार्यालयले उठाएको देखिन्छ। |
| ३६ | पि आर कन्स्ट्रक्सन | बसपार्क विद्युत | ५९७७१४.५७ | |
| ३७ | द ग्रिन सिटि सेनिटेशन नेपाल वी न न पा ६ | खसी बधसाला | ९०५०८३ | |
| | जम्मा | | १२२५५३२८.५७ | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२२,५५,३२८.५७ |

२३ **बहत्तर शुल्क** - नदिजन्य पदार्थको उत्खनन संकलन तथा विक्रि वितरण सम्बन्धी कार्यविधी २०७५ को दफा ज मा क्रसर उद्योग व्यावसायको दर्ता नविकरण नियमन तथा नियन्त्रण सम्बन्धी अन्तरिम व्याबस्था को उपदफा ४ मा अनुमती बेगर नतोकिएको क्षेत्रमा निषेधित क्षेत्रमा नतोकिएको समसयमा खोलामा प्रवेश गरी ओसार पसार गरेको पाइएमा प्रति ट्र्याक्टर ५००० र प्रति जिसिभि/ एक्साभेटर १५००० र ३५००० जरिवाना लिइ संकलित पदार्थ जफत गर्ने व्यबस्था रहेको छ ।कार्यविधिको दफा (ज) को उपदफा २ मा २५ प्रतिशत रकम सो सम्बन्धी सुचना दिई नियमनमा सहयोग गर्ने व्यक्ति वा संस्थालाई प्रोत्साहन स्वरुप उपलब्ध गराउने व्यबस्था छ । पालिकाले गोश्वारा भौचर १२७९।०७९।१२।३ बाट राजस्व फिर्ता शीर्षकबाट २५ ट्र्याक्टर नदिजन्य पदार्थको जफतको प्रोत्साहन सुब्बाकुना प्रहरी इन्चार्ज श्री नविन कुमार शाहीलाई रु.३१,२५०/- भुक्तानी गरेको छ । प्रहरीले जफत गरेको नदिजन्य पदार्थको विक्री वितरण गरी पालिकाले राजस्व आम्दानी गरेको देखिदैन ।संकलित नदिजन्य पदार्थको विक्री वितरण गरी राजस्व आम्दानी गर्नुपर्दछ ।

२४ **विज्ञापन कर** - पालिकाले पालिका भित्रका व्यापारिक संस्थाहरुलाइ विज्ञापनको माध्यामबाट नियमन गरेको छ । जसको लागी पालिकले छायाँ एड्भटाइजिङ् विराटनगरसँग आर्थिक बर्ष २०७८।०७९ देखि ०८०।०८१ सम्म रु.४२,३३,०००/- को सम्झौता गरेको देखिन्छ । त्यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन ।

कार्य सम्पादन जमानको म्याद सार्वजानीक खरिद नियमावलि २०६४ को नियम ११० (४) अनुसार कार्यसम्पादन जमानतको मान्य अवधी त्यस्तो सम्झौतामा उल्लेखित मालसामान आपुर्ति वा हस्तान्तरण गर्नुपर्ने अवधी वा प्रत्याभुति (वारेन्ट) को अवधी वा निर्माण कार्यको त्रुटी सच्याउने दायित्वको अवधी भन्दा कम्तिमा १ महिना बढी अवधिको हुनुपर्ने उल्लेख छ । पालिका भित्रको विज्ञापन बोर्ड कार्यको कार्यसम्पन्न गर्ने मिति २०८१।०३।३१ सम्म रहेकोले कार्य सम्पादन जमानतको म्याद २०८१।०४।३१ सम्मको हुनुपर्ने देखिन्छ । व्यबसायी छायाँ एड्भर्टाइजिङले पेश गरेको रु.३३,८६,४००/- को कार्य सम्पादन जमानतको म्याद

२०८०।०६।१० सम्मको मात्र रहेकोले घटी अवधीको जमानत पेश गरेको देखिन्छ । तसर्थ नियमानुसार हुने मिति २०८१।०४।३१ सम्मको कार्यसम्पादन जमानत पेश गर्नुपर्ने देखिएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३३,८६,४०० |

२५ **उपभोक्ता समिति परिचालन** - सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ अनुसार उपभोक्ता समितिबाट कार्य गराउँदा मितव्ययी गुणस्तरीयता वा दिगोपना हुने भएमा वा लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समितिलाई तोकिएको कार्यविधि पुरा गरी त्यस्तो कार्य गराउन सकिने व्यवस्था गरेको छ । सोही व्यवस्थाको कार्यान्वयनका लागि सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत खरिद गर्दा अपनाउनुपर्ने विधि र प्रक्रिया उल्लेख गरिएको छ । पालिकाले यस वर्ष विभिन्न ३८३ योजनामा उपभोक्ता समिति परिचालनमार्फत रु.१८ करोड ४३ लाख ८८ हजार खर्च गरेको छ । उपभोक्ता समितिबाट गरेको काम सम्बन्धमा निम्न व्यहोरा देखिएको छ ।

२५.१ निर्माण व्यवसायीबाट कार्यः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १३(क) अनुसार उपभोक्ता समितिले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई गराएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समितिसँग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समितिलाई भविष्यमा त्यस्तो कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने निर्माण व्यवसायीलाई कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सिफारिस गर्नुपर्ने छ । कार्यालयले देहायको उपभोक्तालाई भुक्तानी दिएकोमा निर्माण व्यवसायीबाट कार्य गराई रु.२२,३९,१६४/- भुक्तानी दिएको देखियो । कार्यालयले कानूनमा भएको व्यवस्थाको पालना भएको नदेखिएकोले उक्त भुक्तानी रकम अनियमित देखिएको रु.

| योजनाको नाम | निर्माण व्यवसायी | भुक्तानी रकम |
|---|---|---|
| पाखापानी सेताखोला आर्यघाट सम्म सडक स्तरोन्नती | डायमण्ड निर्माण सेवा | ५००००० |
| छेडा राम्चे देखि गन्द्रुमा टोल सडक स्तरोन्नती | जीवन एण्ड ओजस्वी कन्स्ट्रक्सन प्रा.लि. | ५५०००० |
| कान्छी बजार वडा कार्यालय सडक मर्मत | मालिका निर्माण सेवा | ११८९१६४ |
| | जम्मा | २२३९१६४ |

| | |
|---|---|
| अनियमित भएको | २२,३९,१६४ |

२५.२ **सार्वजनिक सूचना** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (२) ले स्थानीय वासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदायबाट काम गराउनका लागि सम्बन्धित काम तथा सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्राही समुदायले व्यहोर्नुपर्ने रकम र अन्य आवश्यक कुरा खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना गरी प्रस्ताव माग गर्ने वा त्यस्तो समुदाय वा समितिले प्रस्ताव पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट नियमानुसार सूचना प्रकाशन नगरी सम्बन्धित उपभोक्ता समितिबाट प्राप्त निवेदनका आधारमा सम्झौता गरी कार्य सम्पन्न गरेको छ । उपभोक्ताबाट पहुँचका आधारमा योजना स्वीकृत गराई प्राप्त बजेट अनुसार सिधै सम्झौता गर्ने गरेको छ । यसबाट खरिद ऐनले अपेक्षा गरे अनुसार खरिद प्रक्रियामा प्रतिस्पर्धा

स्वच्छता मितव्ययिता र विवेकपूर्ण ढंगबाट सार्वजनिक खर्चको अधिकतम प्रतिफल हासिल हुने देखिंदैन । प्रस्तावना मार्फत प्रतिस्पर्धा गराई उपभोक्ता समिति परिचालन गर्नुपर्दछ ।

२५.३ **निर्माण लगत** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम ११ ले उपभोक्ता समितिले गरेको कामको जाँचपास गरी जन श्रमदानबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कुल खर्चको विवरण पेश गरेपछि सार्वजनिक निकायले प्राप्त विवरण तथा उक्त निर्माण कार्यको सर्भे, डिजाइन, सुपरीवेक्षण र कार्य सम्पादन गर्ने व्यक्ति तथा पदाधिकारीको नाम र पद समेत खुल्नेगरी कार्य सम्पन्न प्रतिवेदन तयार गरी अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले प्रत्येक वर्ष विभिन्न उपभोक्ता समिति वनाई सडक लगायत पूर्वाधार निर्माण कार्य गरेपनि सो को अभिलेख राखेको छैन । पालिकाको लागि आवश्यक संरचना यकिन गर्ने, सर्त अनुसार बनाइएका संरचना अभिलेखांकन गर्ने पालिका लगायत अन्य निकायले गरेको कामको समन्वयात्मक रुपमा सहकार्यमार्फत दोहोरो हुन नदिने गरी कार्यालयले अभिलेखांकन गर्ने गरेको छैन । यसबाट कार्यमा दोहोरोपना नभएको भन्ने आधार समेत देखिंदैन । पालिकाले परिचालन गरेको उपभोक्ता समितिबाहेक कृषि विकास कार्यालय, विभिन्न गैर सरकारी संस्थाहरु समेत परिचालन हुने सन्दर्भमा अन्य संस्था एवं कार्यालयहरुले गरेका कामका समेत अभिलेखांकन गरी बाँकी योजनाहरुको आवश्यकता यकिन गरी उपभोक्ता छनौट एवं निर्माण कार्य गर्नु पर्दछ ।

२५.४ **लागत सहभागिता** - पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

२५.५ **प्राविधिक बिल र कार्य सम्पन्न** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

२५.६ **हस्तान्तरण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम १३ ले निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सो को रेखदेख, मर्मत संभार गर्ने जिम्वेवारी तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले समुदायसँग सम्बन्धित संरचना संरक्षण र मर्मत गर्ने गरी जिम्मेवारी हस्तान्तरण गर्दा उपभोक्तालाई उत्तरदायी बनाएको देखिएन । निर्मित संरचनाहरुको दीर्घकालीन

उपयोग गर्न उपभोक्ताले कोष व्यवस्थापन गरी आगामी दिनमा राज्यको दायित्य घटाउँदै लैजान समेत उपभोक्ता स्वयमलाई जिम्मेवार बनाउने गरी निर्मित संरचना हस्तान्तरण गरी अभिलेख राख्नु पर्दछ ।

२६ **गुणस्तर परीक्षण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

२७ **सार्वजनिक परीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रबद्र्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।

२८ **कन्टिन्जेन्सी खर्च** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) मा निर्माण कार्यको लागत अनुमानमा वर्क चार्ज स्टाफ खर्च २ प्रतिशत र साना तिना अन्य खर्च २ प्रतिशत सम्म समावेश गर्न सकिने व्यवस्था छ। पालिकाले कन्टिन्जेन्सी बापत रकम कट्टा गरी खर्च गरे पनि योजनागत विवरण देखिने गरी अभिलेख राखेको छैन। कन्टिन्जेन्सी खर्चको अद्यावधिक अभिलेख राखी खर्च गर्ने व्यबस्था हुनु पर्दछ ।

२९ **गत वर्षको भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ । पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमासमेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था नगरी दलित विपन्न लक्षित कार्यक्रम अन्तर्गत खानेपानी तथा बोरिङ्ग निर्माण गतवर्ष सम्पन्न गरेको जनाई निर्माण व्यवसायी आधारभूत कन्स्ट्रक्सनलाई रु.११,०९,३८८।० भुक्तानी दिएको अनियमित रु.

| | |
|---|---|
| अनियमित भएको | ११,०९,३८८ |

३० **बढी भुक्तानी -** (२४-२०७९-१२-२२) सार्वजनिक खरिद नियमाली, २०६४ को नियम १२३ मा प्राविधिक नापजाँच तथा वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले पारेगाउँ खानेपानी ट्याङ्क निर्माण उपभोक्ता समितिलाई संरचना निर्माण गरी रु. ९,००,०००।० भुक्तानी दिएको छ । उपभोक्तासँगको संझौता तथा लागत तयार गर्दा उपभोक्तालाई कुल लागत रकमको १०.२० प्रतिशत उपभोक्ता समितिको अंश रहेको छ । उपभोक्ता समितिको प्राविधिक विल अनुसार रु.९,६२,१७२।० को कार्य भएकोमा उपभोक्ताको अंश रु.९८,१६२।० घटाइ बाँकी रु.८,६४,०००।० भुक्तानी दिनुपर्नेमा पालिकाले उपभोक्ता समितिलाई रु.९,००,०००।० भुक्तानी दिएकोले संझौता भन्दा बढी भुक्तानी भएको रु.३६,०००।— असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३६,००० |

३१ **सडक मर्मत -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा विल भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भए बमोजिम वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्दछ ।

पालिकाले वडा नं. १६ को सडक मर्मत गर्दा ६ जनालाई डोर हाजिरका आधारमा रु.२ लाख भुक्तानी गरेको छ । कानूनमा उल्लेख भए बमोजिम मर्मत कार्यको नाप जाँच गरी प्राविधिक विल तयार गरेको छैन । तसर्थ उक्त मर्मत कार्यको प्राविधिक विल तथा प्रतिवेदन पेश नभएकोले खर्चको एकिन भएन । खर्च भएको पुष्टि हुने कागजात सहित नियमित गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,००,००० |

३२ **ह्युमपाईप खरिद** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले देहायको ह्युम पाइप खरिद गरी रु.७,४६,०६७/- भुक्तानी दिएकोमा सो पाइप प्रयोग भएको नापी किताव, प्राविधिक विल तथा प्रतिवेदन पेश नभएकोले कार्य सम्पन्न प्रतिवेदन लगायत आवश्यक प्रमाण पेश गर्नुपर्ने रु.

| गो. भौ . नं ./ मिती | विवरण | भुक्तानी रकम |
|---|---|---|
| ४३२-२०८०।३।१४ | ह्युमपाइप खरिद | २९९५५२ |
| ५०३-२०८०।३।२० | ह्युमपाइप खरिद | ४४६५१५ |
| | जम्मा | ७४६०६७ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,४६,०६७ |

३३ **अधुरा ठेक्का** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० (११) संझौता वमोजिमका काम सम्पन्न नभई म्याद थप नभएका संझौताको हकमा खरिद संझौता अन्त्य गर्ने जमानत तथा धरौटी जफत गर्ने भएको क्षतिपूर्ति भराउने तथा कालोसूचीमा राख्न सार्वजिक खरिद अनुगमन कार्यालयमा पठाउने व्यवस्था गरेको छ। कार्यालयले निर्माण कार्य गराउँदा निर्माण व्यवसायीसँग गरेको संझौतामा तोकिए वमोजिमको समय अवधि र गुणस्तर कायम गर्दै निर्माण कार्य सम्पन्न गराउनु पर्दछ। पालिकाले सालवसाली प्रकृतिको ठेक्का २०८० असार सम्ममा निर्माण कार्य सम्पन्न गर्ने गरी संझौता गरेकोमा सो अवधि सम्म निम्न अनुसारको घटि कार्य गरी भुक्तानी लिएको देखियो ।समयमा कार्य संझौता नगरी छोटो अवधि दिई निर्माण सम्झौता गरेको कारण सो कार्यहरु हुन नसकेको देखिएकोले नियमानुसार आवश्यक समय दिई सम्झौता गर्नेतर्फ पालिकाले सुधार गर्नुपर्ने देखिएको छ । काम बाँकी योजनाहरुको सम्झौता वमोजिम काम नगर्ने निर्माण व्यवसायीलाई खरिद नियमावलीमा तोकिए वमोजिम प्रकृया पुरा गरी निर्माण सम्पन्न गर्नु/गराउनु पर्दछ ।

| योजनाको नाम | निर्माण व्यवसायी | संझौता रकम | सम्झौता मिति | भुक्तानी रकम | सम्पन्न गर्नुपर्ने मिति |
|---|---|---|---|---|---|
| ल्याण्ड फिल्ड साइटको पहुँच मार्ग निर्माण | श्री आर कन्स्ट्रक्सन | ३८५५०१८ | २०७९।९।२५ | १२८३३८५ | २०८०।३।२० (पेश्की रु.१९२००० बाँकी |

| | | | | | |
|---|---|---|---|---|---|
| वडा नं. ११ को भवन निर्माण | दिप सुन्दर कन्स्ट्रक्सन | ११४७१२२ | | ८८७४२९ | २०८०।३।२० |
| तीलपुर देखी अलायचौर धर्मपुर जाने सडक स्तरोन्नती तथा कालोपत्रे | गेहेन्द्र निर्माण सेवा | ४०९६८३७ | २०८०।१।३१ | ० | २०८०।३।२० |
| कालोपत्रे तथा ड्रेनको कार्य वडा नं. ८ | उत्तम निर्माण सेवा | ३९५१६८१ | | ० | २०८०।३।२० |
| घण्टाघर पार्क घेराबारा | नमस्ते निर्माण सेवा | ४६९०९२७ | | ० | २०८०।३।२० |
| बोधेनी थिएटर निर्माण कार्य | स्वर्णिम निर्माण सेवा | १२९४६०५ | | ७८९५६८ | २०८०।८।३० म्याद थप सहित |
| वडा नं. १६ को भित्री बाटो निर्माण | दिप सुन्दर निर्माण सेवा | १४४५६६६ | २०८०।२।२६ | ८०५१४० | २०८०।३।३१ |
| वडा नं. ३ सडक कालोपत्रे | स्वर्णिम निर्माण सेवा | २१३७७४२ | | ११७९१९० | |

३४ **प्रशासकीय भवन** - पालिकाको प्रशासकीय भवन निर्माण गर्न मूल्य अभिवृद्धि कर तथा प्रोभिजनल सम बाहेक रु. १४ करोड ३६ लाख ५२ हजारको लागत अनुमान तयार गरी वोलपत्र (NCB/०७७/७८/W/१३) भएकोमा सवैभन्दा न्यून सारभुत प्रभावकारी निर्माण व्यवसायी नेपाल पब्लिक/सर्मिला जे भी सँग मूल्य अभिवृद्धि कर बाहेक रु.९,४२,६६,९१६/- मा २७ महिना भित्र कार्य सम्पन्न गर्न २०७८।१२।२५ मा सम्झौता गरी गतवर्ष रु. ९४ लाख २६ हजार पेश्की दिएकोमा यस वर्ष रु.१,२४,७५,२४०/- भुक्तानी भएको छ। भवन निर्माण सम्बन्धमा देखिएको व्यहोरा निम्न अनुसार छन् ।

३४.१ निर्माण कार्यः निर्माण व्यवसायीसँग भएको संम्झौताको सामान्य शर्त मा प्रत्येक ९० दिनमा प्रगति सहितको संशोधित कार्यतालिका पेस नगरेमा रु.१ लाख रोक्का राख्नुपर्ने व्यवस्था छ । निर्माण व्यवसायीले २७ महिनामा सम्पन्न गर्नुपर्ने उक्त निर्माण कार्य संम्झौतामा पेस भएको कार्यतालिका अनुसार कार्य प्रगति नभई २०८०।०५।२६ मा संशोधित कार्य तालिका पेस भएपनि सो अनुसार निर्माण प्रगति नभएपछि पुनः २०८०।०७।१० पत्राचार भएपनि लेखापरीक्षण अवधि (२०८० पौष) सम्म पनि कार्य सम्पन्न गर्ने आधिकारिकता सहितको संशोधित कार्यतालिका पेश भएको छैन ।पेश भएकव पछिल्लो कार्यतालिका अनुसार २०८० मंसिर मसान्तसम्म पाँचौ तलाको वाल सहित प्लाष्टर एवं सेनिटेशन लगायतको काम हुनुपर्नेमा दोश्रो तल्लाको पिल्लरको काम भइरहेको पाइयो । निर्माण कार्यको बिलमा उल्लेख भएअनुसार निर्माण व्यवसायीलाई कार्यसहजता हुने पानी तान्ने पम्प, डिप ट्युवेलबोरिङ्ग, कम्प्रेशर मेशिन लगायतका सहज र बढी मूल्याङ्कन हुने काम साथै भुइतल्लाको काम गर्दा नै सेफ्टीनेट लगायतका कामको नाँप उठाई भुक्तानी भएको छ । निर्माण व्यवसायीले नै प्रयोग गरी हस्तान्तरण हुने बेलासम्म पुरानो हुने मेशिनरीको अगाडि नै भुक्तानी गरेकोमा प्राविधिकबाट सोको भुक्तानी सिफारिस भएको छ । भवनको हस्तान्तरण हुदा उक्त मेशिनहरु समेतको ध्यान दिई संम्झौता अनुसार कार्यतालिकाको कडाईका साथ पालना गराई निर्माण कार्यको प्रगति हासिल गर्नुपर्दछ ।



३४.२ **पिएसको बिल** - निर्माण व्यवसायीसँग भएको संम्झौता अनुसार पियस आइटममा उल्लेखित रकम भुक्तानी गर्दा खर्च भएको सक्कल विल विजकका आधारमा भुक्तानी गर्नुपर्नेमा निर्माण व्यवसायीलाई आयोजना सूचना बोर्डबापत बिओक्यू अनुसार रु.१० हजार भुक्तानी गरेकोमा सो खर्च प्रमाणित हुने विल संलग्न नभएकोले खर्च प्रमाणित हुने विल पेश गर्नुपर्ने अन्यथा सो रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,००० |

३४.३ **मूल्य अभिबृद्धि कर थप** - निर्माण व्यवसायीसँग भएको संम्झौता अनुसार पिएस आइटममा उल्लेखित रकम भुक्तानी गर्दा मूल्य अभिबृद्धि कर थप भुक्तानी नहुनेमा त्रिभुवन विश्व विद्यालयको प्रयोगशालामा भवनमा प्रयोग भएको डण्डी परीक्षणको रु.२०,७००।— को बिल संलग्न भएकोमा सोमा मूल्य अभिबृद्धि कर रु.२,६९१।— थप गरी भुक्तानी गरेकोले सो रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,६९१ |

३५ **नाफामूलक संस्थालाई अनुदान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । उल्लेखित व्यवस्था अनुसार नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन।यो वर्ष देहायअनुसारका नाफामूलक सहकारी संस्थालाई सहकारी शेयर सदस्यहरुबीच ऋण परिचालन कार्यको लागि जगेडा कोष लगायतमा रु.४ लाख अनुदान दिएको नियमसम्मत नदेखिएको रु.

| क्र. सं . | कार्यक्रम गर्ने संस्थाको नाम | बजेट रकम रु |
|---|---|---|
| १ | पिपलबोट बचत ऋण सहकारी संस्था लि. | २ लाख |
| २ | बुलबुले बचत ऋण सहकारी संस्था लि. | २ लाख |

| | |
|---|---|
| अनियमित भएको | ४,००,००० |

३६ **पूर्व निर्धारित क्षतिपूर्ति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढिलाईको कारण खरिद संझौता बमोजिम तोकिएको म्यादसम्म सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई संझौता रकमको दश प्रतिशत नबढ्ने गरी प्रति दिन सम्झौता रकमको शून्य दशमलव शून्य पाँच प्रतिशतका दरले पूर्व निधारित क्षतिपूर्ति दिनुपर्ने उल्लेख छ । पालिकाले बस पार्क विस्तार संरचना हटाउने र पार्किङ निर्माण कार्यको लागि २०७७।७।२० गते मूल्य अभिवृद्धि कर र पि एस बाहेक रु.८०,३०,८०१/-मा २०७८।२।३० सम्ममा कार्य सम्पन्न गर्ने गरी नवदुर्गा मालिका निर्माण सेवासँग संझौता भएको पाइयो । कोभिड १९ को महामारीको कारण देखाई अन्तिम पटक मिति २०७८।९।२० सम्म म्याद थप गरेकोमा निर्माण व्यवसायीले अन्तिम विल भुक्तानीको लागि २०७९।३।२० पेश भएको देखियो । उक्त निर्माण म्याद थप गरेको समयमा समेत समाप्त भई ६ महिना पश्चातमात्र कार्य सम्पन्न गरी भुक्तानीको लागि पेश भएकोले ढिला समयको कानून बमोजिम प्रतिदिन रु.४,०१५।४० का दरले ६ महिनाको रु.७,२२,७७२/- असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,२२,७७२ |

३७ **आपूर्तिमा ढिलाई** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा सम्झौता अनुसार कार्यसम्पन्न नभएमा पूर्वनिर्धारित क्षेतिपूर्ति लिनुपर्ने व्यवस्था छ । पालिकाले खोरिया जाने ट्रसब्रिज निर्माणका लागि आवश्यक स्टिल पार्टस् आपूर्तिका लागि ठेक्का नं.NCB/BM/077/78/02 बाट इन्जिनियरिङ्ग इण्डस्ट्रिजसंग भएको सम्झौता अनुसार समयमा आपूर्ति गर्न नसकी २०७९।०५।३१ सम्म म्याद थप भएकोमा आपूर्ति कर्ताले २०७९।०८।१८ मा मात्र कार्य सम्पन्न भएको निवेदन दर्ता गरेकोमा ६९ दिनको पूर्वनिर्धारित क्षेतिपूर्ति रु.१,२५,०९७/- मात्र कट्टा गरेको देखियो ।नियमानुसार थप भएको म्याद भन्दा ढिला गरी आपूर्ति गरेको ७ दिनको लागि संझौता रकम रु.३६,२६,००४/- को प्रतिदिन रु.१,८१३/- को दरले रु.१२,६९१/- सम्झौता अनुसारको पूर्वनिर्धारित क्षेतिपूर्ति असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,६९१ |

३८ **सम्झौता भन्दा बढी भुक्तानी** - उपभोक्तासंग भएको सम्झौता अनुसार कार्य सम्पन्न गरी भुक्तानी दिनुपर्दछ । पालिका र खोरिया खोला ट्रसब्रिज निर्माण उपभोक्ता समिति विच २०७९।१२।११ मा भएको सम्झौतामा उल्लेख लागत विवरण अनुसार उपभोक्ता समितिले रु.६१,०९९।२४ र पालिकाबाट रु.३,९७,१४४।० भुक्तानी गर्ने उल्लेख छ । पालिकाले भौ.नं.१९ मिति २०७९।१।१७ मा अग्रिमकर कट्टा गरी रु.३,८३,९४३।० उपभोक्ता समितिलाई भुक्तानी दिएको छ । सम्झौता भन्दा रु.५,८४२/- बढी भुक्तानी गरेकोले सो रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,८४२ |

३९ **मूल्य अभिबृद्धि कर थप** - आर्थिक ऐन, २०७८ ले मूल्य अभिबृद्धि कर भुक्तानी गर्दा ३० प्रतिशत रकम भुक्तानी दिने निकायबाट कट्टागरी सम्बन्धितको खातामा दाखिला गरिदिनु पर्ने व्यवस्था गरेको छ । नियमको उक्त व्यवस्था अनुसार पालिकाले खोरिया खोला ट्रसब्रिजको आपूर्ति कर्ता इन्जिनियरिङ्ग इण्डष्ट्रिजलाई भौ.नं.७ मिति २०७९।१०।१८ बाट भुक्तानी दिंदा कट्टा भएको ३० प्रतिशत मूल्यअभिबृद्धि कर रकम रु.५८,०१५/- भौ.नं.१० मिति २०७९।१०।२९ मा आन्तरिक राजस्व खातामा पठाएकोमा पुन भौ.नं.१२ मिति २०७९।११।१२ बाट अघिल्लो बिलको ३० प्रतिशतसमेत भुक्तानी नभएको भनि दुबै विलको मूल्य अभिबृद्धि कर रु.१,४१,४१४।—आपूर्ति कर्तालाई भुक्तानी गरेको देखिएकोले दोहोरो भुक्तानी भएको उक्त रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,४१,४१४ |

४० **बीमा पेश नभएको** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेखु अघि भुक्तानी दिन आवश्य विल, भरपाई तथा कागजात संलग्न भए वा नभएको वा रीत पुगे नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । पालिकाले भुक्तानी गर्दा बीमा वापतको विल तथा कागजात पेश नगरी रु.१४,०००/- भुक्तानी दिएको देखिएकोले सो रकम असुल गरी दाखिला गर्नुपर्ने रु.

| योजनाको नाम | निर्माण व्यवसायी | वीमा भुक्तानी रकम |
|---|---|---|
| कृषि सडक वडा नं. १४ | न्यू अधिकरी कन्स्ट्रक्सन | १४००० |

***(प्रारम्भिक प्रतिवेदनउपर प्रमाण पेस भएको आधारमा मिति २०८१।१।४ को निर्णयबाट रु.२०,०००।- सम्परीक्षण गरिएको ।)***


| | |
|---|---|
| असुल गर्नुपर्ने | १४,००० |

४१ **सम्झौता भन्दा बढी भुक्तानी** - उपभोक्तासंग भएको सम्झौता अनुसार कार्य सम्पन्न गरी भुक्तानी दिनुपर्दछ । पालिका र खरी खोला ट्रसब्रिज निर्माण उपभोक्ता समिति विच २०७८।०१।०९ मा भएको सम्झौतामा उल्लेख लागत विवरण अनुसार झोलुङ्गेपुल क्षेत्रगत अनुदानबाट रु.२०,२५,५१०।२८, उपभोक्ता समितिले रु.४,७६,५०९।७० र पालिकाबाट रु.३,८३,७०९।९३ भुक्तानी गर्ने उल्लेख छ । पालिकाले भौ.नं.१७ मिति २०७९।१२।२२ मा अग्रिमकर कट्टा गरी रु.४,१२,४७०।० उपभोक्ता समितिलाई भुक्तानी दिएको छ । सम्झौता भन्दा रु.१,०२,६८७।— बढी भुक्तानी गरेकोले सो रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०२,६८७ |

४२ **पन्ध्र सैया अस्पताल** - पालिकाको स्वास्थ्य सेवामा सुधारको सहज पहुँच गराउने उध्श्यले वडा न. ९ लाटिकोईलिमा १५ शैयाको अस्पताल निर्माण गर्न कुल रु.१९,२८,०७,२७०।- को लागत अनुमान तयार गरी बोलपत्र भएकोमा सवैभन्दा कम कवोल गर्ने निर्माण व्यवसायी आशिष-माउण्ट जे.भी. को कवोल रु.१२,८६,९७,७४०।- बोलपत्र स्वीकृत भई २०७८।०९।०५ मा सम्झौता गरी हालसम्म रु.२,६७,६८,५७३।- भुक्तानी भएको छ । यस सम्बन्धमा देखिएको थप व्यहोरा निम्न छनः

४२.१ निर्माण कार्य र पेश्की सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८(३) अनुसार निर्माण स्थल व्यवस्थापन नगरी ठेक्का स्वीकृत लगायत प्रक्रिया सुरु नगर्नु पर्नेमा पालिकाले साविक स्वास्थ्य चौकी भएको स्थानमा भवन निर्माण ठेक्का सम्झौता भएको कारण निर्माण व्यवसायीले साइट उपलब्ध नभई निर्माण कार्यमा ढीला भएको देखियो । अस्पताल निर्माण नियमको उक्त व्यवस्था अनुसार साइट तयार नगरी ठेक्का लगाएको कारण निर्माण व्यवसायीले पेस गरेको कार्यतालिका अनुसार काम सम्पन्न भएको देखिएन । सम्झौता अनुसार २०८०।०५।०४ मा सम्पन्न हुनुपर्ने उक्त अस्पताल भवन हाल(२०८० पुष) सम्म पहिलो ढलानको फर्मवर्क्सको काम शुरु भएको छ । निर्माण व्यवसायीसंग भएको सम्झौता अनुसार प्रत्येक ९० दिनमा संशोधित कार्य तालिका पेश गर्नु पर्ने, ठेक्का अवधिको ८० प्रतिशत समयावधी भित्र पेश्की फस्यौंट गरिसक्नुपर्ने लगायत व्यवस्था पालना नगर्दा बिगतमा दिएको पेश्की रु.१ करोड १२ लाख ६० हजार हालसम्म फस्यौंट नभई जोखिममा परेको अवस्था छ । शुरु सम्झौता अनुसार २० महिनामा कार्य सम्पन्न गर्नेगरी कार्य तालिका पेश भएपनि तोकिए बमोजिम कार्य प्रगति नभएकोमा कार्यपालिकाको २०८०।०६।११ को निर्णयले २०८० चैत्र ४ सम्म म्याद थप भएपनि संशोधित कार्य तालिका पेश भएको देखिएन ।स्थलगत निरीक्षणमा फर्मवर्क्सको कार्य भइरहेको तथा म्याद थपको प्रक्रियामा रहेको जनाएता पनि निर्माण स्थल व्यवस्था नगरी ठेक्का स्वीकृत गरी कार्यादेश दिने प्राविधिक एवं पदाधिकारीलाई जिम्मेवार वनाई निर्माण गर्नुका साथै २०७९।१२।३० (१३ मार्च २०२३) मा जमानत म्याद समाप्त भई निर्माण अवधिको समय समाप्त भइसकेको पेश्की फस्यौंट प्रमाण पेश गर्नु पर्ने रु.



| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,१२,६०,५५० |

४२.२ **पिएसमा मूल्य समायोजन -** निर्माण व्यवसायीसंग भएको सम्झौता अनुसार प्रोभिज्नल सममा थप मूल्यअभिबृद्धि कर तथा मूल्य समायोजन थप गरी दिन मिल्दैन । पालिकाले निर्माण व्यवसायीलाई प्रोभिज्नल सममा राखेको

सेफ्टीनेट तथा साइट क्लीएरेन्सको रु.१ लाख ५० हजार र बीमा बापतको रु.१,४२,५००।— समेत कुल रु.२,९२,५००/- समायोजन फ्याक्टर १.२०३२ का दरले रु.५९,४३६।— तथा सोमा थप भएको मूल्य अभिबृद्धि कर रु.६७,१६२/- दिन मिल्ने असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६७,१६२ |

४३ **नागरिक आवास किस्ता** - सुरक्षित नागरिक आवास कार्यन्वयन कार्यविधि, २०७५ को दफा ६ मा पालिकाले उपलव्ध गराएको किस्ता रकम सम्वन्धित काममा तीन महिनभित्र खर्च नगरेमा असुल फिर्ता गर्नुपर्ने व्यवस्था छ ।सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत निम्न व्यक्तिलाई दिएको प्रथम किस्ता रकमको हालसम्म कार्यसम्पन्न गरी हिसाव मिलान भएको नदेखिएकोले खर्च प्रमाणित हुने प्रमाण कागजात पेश गर्नुपर्ने रु.

| सि. नं . | लाभग्राहीको नाम | रकम |
|---|---|---|
| १ | श्री टोप बहादुर ठाडामगर | २८८०० |
| २ | श्री दान बहादुर दर्लामी | २८८०० |
| ३ | श्री शान्ती नेपाली | २८८०० |
| ४ | श्री नरेन्द्र चन्द | २८८०० |
| | जम्मा | ११५२०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,१५,२०० |

४४ **पटके लागत अनुमान र भवन निर्माण अधुरो** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १० को उपदफा (१) को (ख) मा नयाँ योजना तथा कार्यक्रमको लागि वजेट प्रस्ताव गर्दा स्वीकृत सम्भाव्यता अध्ययन प्रतिवेदनका आधारमा आगामी वर्ष खर्च हुनसक्ने रकमको प्राविधिक र आर्थिक पुष्टयाई सहित वजेट प्रस्ताव गर्नुपर्ने व्यवस्था छ भने आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६ को उपनियम (१३) मा केन्द्रिय निकायले वित्तीय हस्तान्तरण अन्तर्गतको शसर्त अनुदान रकमकव प्रस्ताव गर्दा चालु कार्यक्रमको निरन्तरता, त्यस्तो खर्चको आवश्यकता पुष्ट्याई र कार्यसम्पादनका आधारमा गर्नुपर्ने व्यवस्था छ । पालिकाले गतवर्ष श्री शिव मावि, लाटीकोइलीले रु.१८ लाखमा पेश्की लिई चालुवर्ष फस्यौंट गरेको नापी किताव अनुसार विद्यालय भवनको पिल्लर तथा ढलानको आरसिसिको मात्र कार्य गरी रु.७२ हजार फिर्ता गरेपनि भवनको बाँकी कामका लागि स्रोत सुनिश्चितता भएको देखिएन ।

त्यस्तै श्री चन्द्रगंगा माविको भवनपनि रु.४४ लाख खर्च भएकोमा निर्माण सम्पन्न नगरी कार्य सम्पन्न प्रतिवेदन जारी गरेको देखियो । विद्यालय भवनको एकमुष्ट लागत अनुमान तयार नगरी पटके वजेट अनुसार लागत तयार गरी सोही अनुसार कार्य सम्पन्न तयार गर्ने गरेको छ । नियमको उक्त व्यवस्था अनुसार लागत तथा वजेट तालमेल नगरी पटके लागत अनुमान र कार्यसम्पन्न तयार गर्ने कार्यमा नियन्त्रण गरी प्रक्रियागत ढंगले स्वीकृत भएका योजनाहरुलाई वजेट तथा कार्यक्रममा समावेश गरी एकमुष्ट कार्यसम्पन्न देखिने नाँप सहितको कार्यसम्पन्न

प्रतिवेदन तयार गर्नुपर्दछ ।साथै निर्माण कार्यका लागि उपयुक्त वजेट व्यवस्था गरी अधुरो निर्माण कार्यमा भएकोलगानी सदुपयोग गर्नुपर्दछ ।

४५ **संघीय निकायलाई अनुदान** - विनियोजन ऐन, २०७९ को दफा ५ मा प्रदेशको बजेट तथा कार्यक्रममा समावेश भएको पुंजीगत तर्फको कुनै योजना तथा कार्यक्रम प्रदेशले नेपाल सरकारको सम्बन्धित कार्यालय मार्फत कार्यान्वयन गराउन आवश्यक ठानेमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय र नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिई त्यस्तो योजना वा कार्यक्रम नेपाल सरकार सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्न सक्ने व्यवस्था छ।पालिकाको २०८०।०२।२७ को कार्यपालिका निर्णय नं.९ मा मालपोत कार्यालयलाई कार्यालय व्यवस्थापनका लागि रु.३,९७,५५९/- र जिल्ला प्रहरी कार्यालयलाई रु.२,५०,०००/- भुक्तानी दिने निर्णय गरेको छ । सो कार्यालयहरुले ऐन बमोजिम तालुक मन्त्रालय र अर्थ मन्त्रालयको स्वीकृति लिएको देखिएन।सघीय कार्यालयलाई पालिकाले अनुदान दिन मिल्ने देखिएन । यसमा सुधार गर्नुपर्दछ ।

४६ **घण्टाघर मर्मत** - सार्वजनिक खरिद ऐन , २०६३ को दफा ४६ मा जनचेताना सम्बन्धी तालीम, अभिमुखीकरण, सबलीकरण, मूल प्रवाहीकरण जस्ता कार्य गैर सरकारी संस्थाबाट गराउँदा छिटो छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक निकायले गैर सरकारी संस्थाबाट कार्य गराउन सक्ने उल्लेख छ । पालिकाले वीरेन्द्रनगर स्थित घण्टाघर मर्मत कार्यको लागि उद्योग बाणिज्य संघ, सुर्खेतबाट कार्य गराई रु.१० लाख ९० हजार भुक्तानी दिएको छ ।ऐनको उक्त व्यवस्थाले खरिद ऐन, नियम बमोजिम प्रतिश्पर्धा गरी खरिद गर्नुपर्ने काम कार्य प्रकृति फरक परेको कारण जनाई उद्योग बाणिज्य संघमार्फत गराएकोले ऐन पालना भएकव छैन । आगामी दिनमा यस्ता खरिद कार्य उक्त ऐन, नियमको पालना हुनेगरी गर्नुपर्दछ ।

४७ **भेरिएशन** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ अनुसार खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति कार्यान्वयनका क्रममा सृजना भए सोको स्पष्ट कारण खुलाई भेरिएशन आदेश जारी गर्न सक्ने उल्लेख छ। स्याउली बजार देखि शिव मावि सम्मको सडक विस्तार कार्यमा निर्माण व्यवसायी विनोद निर्माण सेवा एन.एन.जे निर्माण सेवासँग रु.१,०३,८४,८४७।८४ संझौता गरी रु.९४,०५,१७६।० भुक्तानी दिएको छ । पालिकाले फिल्डको अवस्था अनुसार देहायको आइटमहरुमा भेरिएशन आदेश जारी गरी कार्यपालिकाबाट स्वीकृत गराएको देखियो । लागत अनुमान गर्दा पूर्वानुमान गर्न सकिने कार्यमा समेत भेरिएशन आदेश जारी गरेको नियमसंमत देखिएन । अनिबार्य गर्नुपर्ने कामको लागत छुटयाई लागत अनुमान तयार गर्ने प्राविधिकलाई जिम्मेवार बनाई लागत अनुमान गर्ने कार्यमा सुधार गर्नुपर्दछ।

| आइटम | दर | सुरु परिमाण | भेरिएन पश्चात | फरक परिमाण | भेरिएशन रकम |
|---|---|---|---|---|---|
| आर सि.सि. कार्य | १५००० | ३ | ६ | -२ | -३६००० |
| सडकको Sub grade कार्य | ५ | १८२० | ३२५२ | -१४३२ | -७१६० |
| सडकको Sub Base course कार्य | १२९९ | ७७६ | १३५८ | -५८१ | -७५५१८६ |
| सडकको Base Course कार्य | २४९९ | ५१७ | ३२५ | १९२ | ४७९८०८ |
| सडकको Prime Coat कार्य | १०९ | ५१७५ | ३२५२ | १९२३ | २०९६०७ |
| सडकको Tack Coat गर्ने कार्य | १०९ | ३१०५ | १९५१ | ११५४ | १२५७८६ |

| | | | | | |
|---|---|---|---|---|---|
| सडकको Premix Carpet गर्ने कार्य | १२९९९ | २०७ | १३० | ७७ | १०००९२३ |
| सडकको Seal Coat गर्ने कार्य | ९ | ५१७५ | ३२५२ | १९२३ | १७३०७ |
| जम्मा | | | | | १०३५०८५ |

४८ **विस्तृत आयोजना प्रतिवेदन** - बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना विस्तृत आयोजना प्रतिवनेद लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्दछ । कार्यालयले यस वर्ष देहायको अध्ययन प्रतिवेदन तयार गरी रु.८.४७.६६९/- परामर्शदाताबाट गराई खर्च गरी भुक्तानी दिएको छ । अध्ययन भएका प्रतिवेदनहरु यसवर्षको वजेटमा समावेश गरी कार्यान्वयन गर्नुपर्नेमा वजेट तथा कार्यक्रममा समावेश भएको देखिएन । अध्ययन भएका प्रतिवेदन कार्यान्वयन नहुँदा परामर्श खर्चको औचित्य र उपलव्धी नदेखिएको तथा योजना छनौट कार्य समेतमा नियमितता नदेखिएकोले आवश्यकताका आधारमा मात्र परामर्श सेवामा खर्च गर्नुपर्दछ । साथै कार्यालयले उक्त प्रतिवेदनको कार्यान्वयन गर्नुपर्नछ ।

| योजनाको नाम | परामर्श दाता | भुक्तानी रकम |
|---|---|---|
| वडा नं. १३ र १४ खानेपानी योजनाहरु | मोक्ष इन्टरप्राइजेज | ३४९१६९ |
| कालिका मन्दिर | पि एण्ड डि कन्स्ट्रक्सन एण्ड एसोसिएट प्रा.लि. | ४९८५०० |

४९ **गौशला निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को निमय ९७(४) मा उपभोक्ता समितिलाई काम दिँदा लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिजेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेरमात्र भुक्तानी दिनुपर्ने उल्लेख छ । कर्णाली प्रदेश र वीरेन्द्रनगर नगरपालिकाबीच २०७९।२।२३ मा भएको संझौता अनुसार वडा नं. ११ भेरी पुल नजिकै प्रशान्ति धार्मित सामुदायिक वन र वडा नं. ७ कट्कुवा धार्मिक तपोवनमा पशु चौपयाको व्यवस्थापन गर्ने गरी संझौता भए अनुसार गौशला निर्माण तथा कार्यान्वयन उपभोक्ता समितिलाई रु.९४,६३,९१३/- को कार्य गरी नगरपालिकाबाट भुक्तानी दिएको छ । उक्त रकममा प्रदेश सरकारको ७० प्रतिशत, नगरपालिका र उपभोक्ता समितिको अंश १५/१५ प्रतिशत हुने गरी संझौता भएकोमा उपभोक्ताको अंश रु.१४,६९,५५०।० व्यहोर्नुपर्नेमा नगरकार्य पालिकाको निर्णयले छुट दिइ भुक्तानी दिएको छ । कानूनले तोके बमोजिम उपभोक्ता समितिले व्यहोर्नुपर्ने अंश पालिकाले भुक्तानी दिएको नियमसम्मत नदेखिएकोले सो रकम छुट दिनुपर्ने औचित्य पुष्टि हुने प्रमाण संलग्न गरी नियमित गर्नुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | १४,६९,५५० |

५० **वडा नं. ६ कार्यालय भवन** - पालिकाले वडा नं. ६ कार्यालय भवन निर्माण कार्यका लागि आर्थिक वर्ष २०७७।७८ मा असोक निर्माण सेवासँग रु.२२ लाख ८२ हजार, आर्थिक वर्ष २०७८।७९ मा के.आर. विल्डर्ससँग रु.५७ लाख २९ हजारमा संझौता गरी कार्य गराएको पाइयो । त्यस्तै यसवर्ष मंगल कन्स्ट्रक्सनसँग रु.२२ लाख ६५ हजार र उपभोक्ता समिति मार्फत कार्य गराई रु.१६ लाख ३५ हजार खर्च गरेको छ । एउटै योजनाको लागि एमुष्ट रुपमा लागत अनुमान तयार नगरी विनियोजन गरेको रकम अनुसारको मात्र कार्य गराएको पाइयो । सालवसाली ठेक्का व्यवस्थापनबाट भवन निर्माण जस्तो जटिल प्रकृतिको कार्यको गुणस्तरीयता

एवं निर्माण प्रक्रिया उपयुक्त देखिएन । साथै उक्त भवनको कार्य स्वीकार जारी गर्नुपर्ने अवस्थामा एकमुष्ट कार्य सम्पन्न प्रतिवेदन तयार नगरी वजेट सालवसाली वजेटका आधारमा कार्य सम्पन्न जारी गरेको छ । सार्वजनिक खरिद नियमावलीको पालना नगरी भवन निर्माण कार्य गरेको देखिएकोले भवनको एकमुष्ट कार्य सम्पन्न बनाई गुणस्तर जाँचको प्रमाण सहित उक्त खर्च नियमित गरी पालिकाका वजेट व्यवस्थापनमा समेत सुधार गर्नुपर्दछ।

५१ **कार्य सम्पन्न प्रतिवेदन पेश नभएको** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा भुक्तानी गर्दा नापी किताव तथा वास्तविक कार्यसम्पादनका आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले नेपाल विद्युत प्राधिकार, वितरण केन्द्र सुर्खेतलाई वाड नं. १२ को विद्युत पोल सार्नको लागि रु.८१,५४८।० भुक्तानी दिएकोमा उक्त कार्यको नापी किताव, प्राविधिक विल तथा कार्यसम्पन्न भएको प्रतिवेदन पेश भएको छैन् । उक्त प्रतिवेदन पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८१,५४८ |

५२ **निर्माण कामको वीमा** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा १० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि वाहेक सम्पूण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ । पालिकाबाट सञ्चालित कुनै पनि निर्माण तथा वस्तु खरिदमा बिमा गराउने प्रचलन शुरुवात नै गरेको छैन । वीमा नगराइ नियमावलीले गरेको व्यवस्था विपरीत खरिद सम्झौता गर्ने पदाधिकारीलाइ जिम्मेवार वनाई वीमा गरेर मात्र निर्माण कार्य गर्ने तर्फ आयोजनाले ध्यान दिनुपर्दछ ।

५३ **सवारी साधन खरिद** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । पालिकाले यसवर्ष न्यू बुलबुल अटो सेल्सबाट दुईथान मोटरसाईकल खरिद गरी रु.६,४८,२३८/- खर्च गरेको छ ।समानिकरण अनुदानबाट सवारी साधन खरिद गर्ने कार्य नियन्त्रण गर्नुपर्दछ ।

५४ **सोझै खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१) को (क) र (क१) मा दश लाखसम्म लागत अनुमान भएको निर्माण कार्य वा मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था रहेको र नियम ८५(१ख) अनुसार एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी उल्लेखित सीमा भन्दा बढी रकमको एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न नसकिने व्यवस्था रहेको छ । पालिकाले मसलन्द तथा कार्यालय सामाग्री, छपाई, ल्यापटप तथा डेस्कटप कम्प्युटर, इलेक्ट्रिकल सामाग्री, फर्निचर तथा फिक्सचर्स, कृषि सम्बन्धी वीउ विजन तथा उपकरण लगायतका सामाग्री खरिद गरी भुक्तानी गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाई २३ आपूर्तिकर्ताबाट रु.३,७४,७४,२३६/- को सोझै खरिद गरिएको देखिएकोले प्याकेज वनाई प्रतिस्पर्धात्मक विधिबाट खरिद गर्नुपर्दछ ।

५५ **स्थानीय तहका पदाधिकारी सुविधा** - नेपालको संविधानको धारा २२७ मा गाउँ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार कर्णाली प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट रु. १ करोड १७ लाख ६ हजार सुविधा वापत भुक्तानी भएको छ ।

५६ **कानुनी सल्लाहकार** - पालिले कानुनी गतिविधि प्रभावकारी वनाउनको लागि १ जना कानुनी सल्लाहकार अधिवक्ता कृष्ण हमाललाई रु.५,२४,२६८/- खर्च लेखेको छ । कानुनी सल्लाहकालाई प्रदान गरेको कार्यविवरण तथा संझौता पालिकाले पेश गरेको छैन । कार्य विवरण र संझौता बमोजिम मात्र भुक्तानी गर्नुपर्दछ।

५७ **अनुगमन भत्ता** - कर्णाली प्रदेश तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ को दफा १५(२) मा पदाधिकारी तथा सदस्यले यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा नपाउने व्यवस्था छ । पालिकाले निम्न पदाधिकारीलाई अनुगमन भत्ता दिने कानूनी आधार वेगर भुक्तानी गरेको रु.९९,४५०/- असुल गर्नुपर्ने देखिएको रु.

| गो. भौ . नं | | ५ | १८७३ | जम्मा रकम |
|---|---|---|---|---|
| मिती | | ०७९/०४/३० | ०८०/०२/१८ | |
| पद | नाम/ थर | रकम | रकम | |
| सदस्य | मोतिप्रसाद कंडेल | ३४०० | | ३४०० |
| सदस्य | टोपबहादुर दर्लामी | ५१०० | | ५१०० |
| सदस्य | नरहरी तिवारी | ११९०० | | ११९०० |
| सदस्य | विशाल अधिकारी | १६१५० | | १६१५० |
| सदस्य सचिव | प्रकाश पौडेल | १६१५० | १६१५० | ३२३०० |
| | जम्मा | | | ६८८५० |

साथै पालिकाको अनुगमन समितिको विभिन्न मितिमा ५१ वटा बैठक बसेको जनाई प्राविधिक कर्मचारी २० समेत ४१ कर्मचारीलाई अनुगमन तथा बैठक भत्ता बापत रु.२,४२,४५०/- खर्च लेखेको छ ।कुल बैठक मध्ये सब-सन्जिनियर राजन कुमार तिवारी ५१ बैठकमा नै उपस्थति जनाई भत्ता बुझिलिएको छ । उक्त बैठकको एजेण्डा र निर्णय स्रेस्तामा संलग्न भएको देखिएन ।साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम १३३ तथा कार्यसञ्चालन निर्देशिका,२०७७ को परिच्छेद ७ बमोजिम एउटै कार्यालयलका कर्मचारी तथा पदाधिकारी मात्र संलग्न बैठकको भत्ता भुक्तानी गर्न नमिल्ने व्यवस्थाको पालना भएको छैन ।पालिकाको नियमित र कर्मचारीको शाखागत कामका लागि भत्ता खर्च लेख्ने कार्यलाई निरुत्साहित गरी यस्ता अनाबश्यक खर्च नियन्त्रण गर्नुपर्दछ ।

***(प्रारम्भिक प्रतिवेदनउपर असुल गरी भई पेस भएको आधारमा मिति २०८१।१।६ को निर्णयबाट रु.३०,६००।- सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६८,८५० |

५८ **जिल्ला भित्र भ्रमण** - (२०८-२०७९-६-११) कर्णाली प्रदेश तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ को अनुसूची-२ को द्रष्टव्यमा जिल्लाभित्र भ्रमणमा रहेको पदाधिकारीलाई भ्रमण भत्ता दिन नहुने उल्लेख छ । पालिकाले यस वर्ष १५ नं. वडा अध्यक्ष कृष्ण बहादुर थापालाई आफ्नै वडा-विरेन्द्रनगर गएको जनाई (मिती ०७९/०५/२१-०५/३१) रु.९,५००/-भ्रमण भत्ता भुक्तानी गरेकोले असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,५०० |

५९ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । नगरपालिकाको प्रशासन शाखाले स्थायी, करार तथा सेवा परामर्शमा कार्यरत कर्मचारी एवं पदअनुसार रहेको विवरण उपलब्ध गराउन नसक्ने मौखिक व्यहोरा उल्लेख पालिकाका पुराना कर्मचारीको तलव प्रतिवेदन पारित गरेपनि अस्थाई, करार, ज्यालादारी लगायत कर्मचारीको विवरण लेखापरीक्षणका लागि पेश भएन । पालिकाले आफ्नो कर्मचारीको विवरण व्यवस्थित नगरेको कारण यस वर्ष पालिकाको स्थायी कर्मचारीको रु.६ करोड ८७ लाख ६८ हजार र करारतर्फको रु.४ करोड १४ लाख ३२ हजार खर्च लेखेको तलब भुक्तानी भिडान गरी यकिन गर्न सकिएन । विगतमा कार्यरत, समायोजनबाट थप, तत्कालिन जिल्ला विकास समिति, महिला बालबालिका कार्यालयबाट आएका, नयाँ नियुक्ती लगायतका विभिन्न प्रकारका कर्मचारीको अभिलेखिकरण गर्ने जिम्मेवार प्रशासन शाखाले सो अभिलेख नराखेको/नदिएकोले कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन, संगठनप्रतिको जिम्मेवारी, पदीय उत्तरदायित्व लगाएका कुराहरुमा लापर्वाही भएको देखिएकोले प्रचलित कानुन बमोजिम संलग्न कर्मचारीलाई आवश्यक कारबाही गरी जिम्मेवार बनाई अभिलेख व्यवस्थापन चुस्त बनाउनुपर्दछ।

६० **कर्मचारी व्यवस्था** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । कार्यालय सहयोगी कति चाहिने हो सो आधारमा मात्र मितव्यायी हुने तरिकाले राख्नुपर्दछ। पालिकाले उल्लेखित पदहरुमाबाहेक १३ पदमा ५६ कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु.१,९९,६६,५७३।- भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,९९,६६,५७३ |

६१ **अतिरिक्त भत्ता** - अतिरक्त भत्ता प्रदान गर्दा विद्युतिय हाजिरको अभिलेख राखि विहान साझ काम गरेको विवरण खुल्ने गरी अभिलेख राखेर मात्र भुक्तानी गर्नुपर्दछ । पालिकाले कर्मचारी प्रोत्साहन कार्यविधि, २०७६ स्वीकृत गरी विभिन्न कर्मचारीले पाउने भत्ता दररेट निर्धारण गरेको छ । सो दररेटको आधारमा कर्मचारी उपस्थित भएको जनाई अतिरिक्त भत्ता बापत रु.२,८९,०५०/- भुक्तानी गरेको छ । पालिकाले यस्तो भत्ता भुक्तानी अतिरिक्त कार्य गरेको खुल्ने गरी विद्युतीय हाजिरको आधारमा भुक्तानी गर्नुपर्दछ ।

६२ **दमकल तथा अन्य भत्ता -** पालिकालको कर्मचारी प्रोत्साहन कार्यविधि, २०७६ को प्रथम संशोधन २०७९ बमोजिम नगरप्रमुखका सवारी चालकले मासिक रु.७,०००/-, उपप्रमुख र प्रशासकीय अधिकृतका सवारी चालकले मासिक रु.६,०००/-, दमकल चालकले रु.१२,०००/-, र वैकल्पिक दमकल वा सवारी चालकले रु.६,०००/- भत्ता पाउने व्यवस्था छ । साथै, प्रोत्सान भत्ता भुक्तानी गर्दा तोकिएको समय भन्दा अतिरिक्त समय काम गर्नुपर्ने भनिएतापनि अतरिक्त कार्य गरेको खुल्ने आधार कार्यविधिमा समावेश नगरिएको तथा सो प्रमाणित नगरी सो भत्ता भुक्तानी भएको छ । यस्तो कार्यविधि बनाउदा अतिरिक्त कार्य पुष्टि हुने स्पष्ट सुचक निर्माण गरी कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता भुक्तानी गर्नुपर्दछ । पालिकाले देहाय बमोजिमका सवारी चालकलाई तोकिएको दरभन्दा बढी दरमा प्रोत्साहन भुक्तानी गरेकोले बढी भुक्तानी भएको रु.२,१६,०००/- असुलउपर हुनुपर्ने रु.

| नाम/थर | पद | मासिक भुक्तानी रकम | मासिक भुकानी हुनुपर्ने | वार्षिक बढी भुक्तानी |
|---|---|---|---|---|
| चन्द्र बहादुर थापा | ह.स.चा. | ११००० | ६००० | ६०००० |
| शेर बहादुर महतारा | ह.स.चा. | ९००० | ६००० | ३६००० |
| श्यामप्रसाद देवकोटा | ह.स.चा. | १७००० | ७००० | १२०००० |
| जम्मा | | | | २१६००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,१६,००० |

६३ **महंगी भत्ता -** करार सम्झौता गर्दा तलव, चाडपर्व खर्च र पोशाक खर्च बाहेक अरु सुविधा नपाउने गरी बढिमा ६ महिना समय राखि करार सम्झौता गर्नुपर्दछ । साथै अर्थ मन्त्रालयको मिति २०७९।०१।२१ को संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई लेखेको पत्रमा महंगी भत्ता सम्बन्धमा कुनै कानुनी व्यवस्था भएको नपाइएकोले करारमा कार्यरत कर्मचारीहरुलाइ महंगी भत्ता उपलब्ध नसकिने व्यहोरा उल्लेख छ । देहाय बमोजिम करार सम्झौता अन्तर्गत कार्यरत कर्मचारीलाइ महंगी भत्ता, फिल्ड भत्ता दिन मिल्ने नदेखिएकोले असुल गर्नुपर्ने रु.

| सि.न. | कर्मचारीको नाम र थर | पद | महंगी भत्ता |
|---|---|---|---|
| १ | हरि के.सी. | इन्जिनियर/अ.छैठौं | २०००० |
| २ | मोहन कार्की | अमिन/सहायकस्त चौथो | २०००० |
| ३ | दिपक ढकाल | अ.स.ई/स.चौथो | २०००० |
| ४ | निर्मला भट्टराइ | ब.सा.प. | १४००० |
| ५ | ज्योती केसी | ब.सा.प. | १४००० |
| ६ | हेमा कुमारी सुवेदी | लेखा सहायक | १४००० |

| | | | |
|---|---|---|---|
| ७ | लक्ष्मिकान्ता पन्त | अ.हे.व/सहायक चौथो | १४००० |
| ८ | हृदय कुमार आले | अ.हे.व/सहायक चौथो | २०००० |
| ९ | पुष्कर खड्का | हे.अ. सहायक पाँचौ | २०००० |
| १० | भुपेन्द्र बहादुर अधिकारी | अमिन/सहायकस्त चौथो | २०००० |
| ११ | चुडामणी भट्टराई | सहायकस्तर चौथो | २०००० |
| १२ | हरि पौडेल | ह.स.चा. | २०००० |
| १३ | धनविर रोकाय | का.स. | २०००० |
| १४ | भविलाल सार्की | सरसफाईकर्मी | २०००० |
| १५ | गोबिन्द प्रसाद खराल | का.स. | २०००० |
| १६ | पवन गौतम | ह.स.चा./प्रथम | २०००० |
| १७ | डिल बहादुर चपाई | अ.स.ई/स.चौथो | २०००० |
| १८ | गोबिन्द प्रसाद सापकोटा | बारुण यन्त्र चालक/प्रथम | २२००० |
| १९ | चन्द्र बहादुर थापा | ह.स.चा./प्रथम | २२००० |
| २० | सुन्दरपता बाल्मिकी | सरसफाईकर्मी ६ नं वडा | २२००० |
| २१ | रमा बाल्मिकी भंगी | सरसफाईकर्मी ६ नं वडा | २२००० |
| २२ | बिनोद बहादुर खड्का | का.स. वडा नं २ | २२००० |
| २३ | रेशमलाल पराजुली | का.स. वडा नं १४ | ६००० |
| २४ | बालाराम उपाध्याय | का.स. वडा नं १३ | ६००० |
| २५ | दिपक कुमार के.सी. | का.स. वडा नं १५ | ६००० |
| २६ | तुल्सी खरेल | का.स. | १४००० |
| २७ | वृख बहादुर बुढा | सरसफाईकर्मी | ६००० |
| २८ | भावना राना | का.स. वडा नं३ | ६००० |
| २९ | कृष्णा कुमारी अधिकारी | समुह परिचालक | ६००० |
| ३० | राम बहादुर सोति मगर | लोडर अपरेटर/ प्रथम | १६००० |
| ३१ | धन बहादुर वली | का.स. वडा नं १६ | ६००० |
| ३२ | भुवन सिं हमाल | का.स. | २०००० |

| | | | |
|---|---|---|---|
| ३३ | प्रेम प्रसाद खराल | का स | ६००० |
| ३४ | सुशिला अर्याल | सा.प. | ६००० |
| ३५ | रोहित बसेल | सरसफाईकर्मी | ६००० |
| ३६ | आशा कुमारी थापा | सामाजिक परिचालक | ६००० |
| ३७ | लक्ष्मी कुमारी सारु मगर | सामाजिक परिचालक | ६००० |
| ३८ | दिपा सोमै | सामाजिक परिचालक | ६००० |
| ३९ | शूशिला वि क | सामाजिक परिचालक | ६००० |
| ४० | राधा कू वि क | सामाजिक परिचालक | ६००० |
| ४१ | नविन रसाइली | सामाजिक परिचालक | ६००० |
| ४२ | पुष्पा कुमारी पूरी | सामाजिक परिचालक | ६००० |
| ४३ | चन्द्रा पौडेल | सामाजिक परिचालक | ६००० |
| ४४ | अन्जली वि क | सामाजिक परिचालक | ६००० |
| ४५ | हरिमाया कार्कि | सामाजिक परिचालक | ६००० |
| ४६ | रेखा के सी | सामाजिक परिचालक | ६००० |
| ४७ | गगा राना | सामाजिक परिचालक | ६००० |
| ४८ | उर्मिला कू वूढा | सामाजिक परिचालक | ६००० |
| ४९ | भविसरा गिरी | सामाजिक परिचालक | ६००० |
| ५० | बाटू नेपाली | सामाजिक परिचालक | ६००० |
| ५१ | धनसरा चालिसे आचार्य | सामाजिक परिचालक | ६००० |
| ५२ | पदमा गौतम | सामाजिक परिचालक | ६००० |
| ५३ | देवसरा दर्लामी | सामाजिक परिचालक | ६००० |
| ५४ | शान्ति कूमारी थापा | सामाजिक परिचालक | ६००० |
| ५५ | सविना के सी | सामाजिक परिचालक | ६००० |
| ५६ | निशा वली | सामाजिक परिचालक | ६००० |
| ५७ | गिता कुमारी खत्री | सामाजिक परिचालक | ६००० |
| ५८ | आनन्द कडेल | सामाजिक परिचालक | ६००० |

| | | | |
|---|---|---|---|
| ५९ | देवकुमारी थापा | सामाजिक परिचालक | ६००० |
| ६० | ललित वहादूर वली | सामाजिक परिचालक | ६००० |
| ६१ | असोक कोइराला | ना.प्र.से.प्रा. | ६००० |
| ६२ | प्रकाश लामिछाने | प.स्वा.प्र. | ६००० |
| ६३ | पदम नेपाली | ना.प्रा.स | ६००० |
| ६४ | कमला आचार्य | का.स. | ६००० |
| ६५ | कमला बि.क. चुनारा | का.स. | ६००० |
| जम्मा | | | ७१६००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,१६,००० |

६४ **सेवा करार संझौता -** कर्मचारी सेवा करारमा सुरक्षा गार्ड १० जना, कम्प्युटर सहायक २ जना, वन हेरालु र कार्यालय सहयोगि १८ गरी ३० जनाको वार्षिक रु.६१,५३,१७८/- (मूल्य अभिबृद्धि कर समेत) मा ब्लु हेवन सेक्युरेटी सर्भिसेज प्रा.ली.,पोखरासँग २ वर्षको लागि जनशक्ती आपूर्ति गर्ने सम्झौता भएकोमा पालिकाले थप चाडपर्व खर्च रु. ५,४८,०५०/- समेत भुक्तानी गरेकोले संझौता भन्दा बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,४८,०५० |

६५ **कल्याण कोषको व्यवस्था नगरी कर्मचारीको सेवा सुविधा भुक्तानी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त सम्बन्धी कानून बमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तभरण, औषधी उपचार लगायतका सुविधा उपलब्ध गराउनका एक कोषको व्यवस्था गर्नुपर्ने उल्लेख छ। पालिकाले सहयोगी चौथो पदमा कार्यरत श्री चन्द्रलाल कुमाल मगर २०७९।०७।१७ गतेदेखि अनिवार्य अवकाश पश्चात् सेवा निवृत सुविधा वापत् रु.१५,१६,३४२/- कल्याण कोष वेगर शीर्षक फरक पारी पालिकाको चालु खर्च शीर्षकबाट खर्च लेखेको छ। पालिकाले अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तभरण, औषधी उपचार लगायतका सुविधा उपलब्ध गराउन कोषको व्यवस्था गरेको छैन। पालिकाले यस्ता खर्च लेख्दा कार्यविधि बनाई कल्याण कोषको व्यवस्था गरी खर्च गर्नुपर्दछ ।

६६ **वैठक भत्ता -** कर्णाली प्रदेशका पदाधिकारीको सेवा सम्बन्धि ऐन, २०७७ को दफा ११(२)बमोजिम उपदफा १ मा जुनसुकै कुरा लेखिएको भए तापनि एक महिनामा तीनवटा भन्दा बढी बैठकको भत्ता लिन नपाउने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष कार्यपालिका, नगरसभा, वडा समिति तथा अन्यको भत्ता भुक्तानी गर्दा मासिक तीन भन्दा बढी वैठकको भुक्तानी गरेको छ । देहाय बमोजिम पदाधिकारीको भत्ता ऐनको प्रावधान विपरित भुक्तानी भएकोले असुल गर्नुपर्ने रु.

| गो. भौ . नं ./ मिती | | १४९९-०७९/१२/२३ | २६५५-०८०/०३/२२ | १५०२-०७९/१२/२३ | वैठक संख्या | जम्मा भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| पद | नाम/ थर | वैठक संख्या प्रतिवैठक १५०० | | १००० को दरमा | | |
| वडा अध्यक्ष नं. | दिनेश खत्री | १० | ७ | १ | १८ | २२५२५ |
| | गज बहादुर बुढा | १० | ७ | २ | १९ | २३३७५ |
| | विनोदसिंह विष्ट | ५ | ३ | २ | १० | ११९०० |
| | शेर बहादुर के. सी . | ९ | ६ | २ | १७ | २०८२५ |
| | लोक बहादुर शाही | ९ | ७ | २ | १८ | २२१०० |
| | जनक बहादुर रावल | १० | ६ | १ | १७ | २१२५० |
| | ध्रुव कुमार चपाई | ९ | ६ | १ | १६ | १९९७५ |
| | टिकाराम शर्मा | ९ | ६ | २ | १७ | २०८२५ |
| | ऋषि गिरी | ९ | ७ | २ | १८ | २२१०० |
| | डिल बहादुर रखाल | १० | ७ | २ | १९ | २३३७५ |
| | खिमलाल देवकोटा | ९ | ५ | २ | १६ | १९५५० |
| | चुडामणी चपाई | ९ | ७ | २ | १८ | २२१०० |
| | दिपेन्द्रराज कोइराला | १० | ७ | १ | १८ | २२५२५ |
| | देव बहादुर रोकाय | ९ | ७ | २ | १८ | २२१०० |
| | कृष्ण बहादुर थापा | १० | ७ | १ | १८ | २२५२५ |
| | डण्ड बहादुर वि. क . | ९ | ६ | २ | १७ | २०८२५ |
| | यमुना नेपाली | ९ | ५ | २ | १६ | १९५५० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| का पा सदस्य | लक्ष्मी चौधरी | १० | ७ | २ | १९ | २३३७५ |
| | सरिता चौधरी | १० | ७ | २ | १९ | २३३७५ |
| | तृप्ति कुमारी वि. क . | ९ | ७ | २ | १८ | २२१०० |
| जम्मा | | | | | | ४२६२७५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,२६,२७५ |

६७ **बढी भुक्तानी** - जनप्रतिनिधिलाई सुविधा तोकिए बमोजिम हुने व्यवस्था छ।कार्यपालिका सदस्य श्री रचना बाठालाई मासिक रु.११,५००/- भुक्तानी गर्नुपर्नेमा २ महिनाको रु.२२,०००।—का दरले भुक्तानी भएकोले रु.२०,७९०/- कर बाहेक बढी भुक्तानी भएको र पछि भौचर ४९८ बाट रु.९,३८५/- कट्टी भएपनि रु.११,४०५/- नपुग भएकोले असूल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,४०५ |

६८ **मर्मत संभार आदेश तथा अभिलेख** - सार्वजनिक जिन्सी व्यवस्थापन प्रणालीमा महालेखापरीक्षक फारम नम्बर ४१४ स्वीकृत पश्चात मर्मत संभार बिलको आधारमा सवारीको मर्मत संभारको अभिलेख महालेखा फारम नम्बर ४१५ अभिलेख गर्नुपर्दछ । पालिकाले मर्मत संभारको पूर्ण विवरण खुल्ने गरी अभिलेख राखेको देखिएन ।

६९ **भ्रमण खर्च** - (४४-२०७९-५-२)पालिकाको कामसँग सम्बन्धित कामको लागि कर्मचारी/पदाधिकारी भ्रमणमा रहदा भ्रमण आदेश स्वीकृत गरी चलानी गरी जानुको साथै खर्च भुक्तानी लिदा सोसँग सम्बन्धित सम्पुर्ण प्रमाणहरु पेश गर्नुपर्दछ । वडा नं.९ का पूर्व वडा अध्यक्ष सुरेश मानन्धर भ्रमणमा गएको जनाई प्लेन भाडा रु.१४,७७५/- सहित रु.१९,८२५/- भुक्तानी भएको छ । भ्रमण खर्चको विल भरपाई तथा प्रमण प्रतिवेदन पेश भएको छैन । भ्रमण पुष्टि हुने विल भरपाई पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १९,८२५ |

७० **असम्बन्धित स्थानमा भ्रमण** - भ्रमण खर्च नियमावली, २०६४ अनुसार सरकारी कामको सिलसिलामा आफ्नो कार्यालय भन्दा बाहिर भ्रमण वा काजमा खटिएका पदाधिकारी वा कर्मचारीले भ्रमण खर्च तथा दैनिक भत्ता पाउने उल्लेख छ । पालिकाका तपशिल बमोजिमका विभिन्न वडा तथा शाखा भ्रमणमा गएकोमा भ्रमणको प्रभाव, मितव्यायिता, सान्दर्भिकता, औचित्य तथा प्रतिफलको आकलन हुने गरी भएको छैन । साथै भ्रमणमा कार्यालय भन्दा बाहिरको व्यक्ति समेत सहभागी भएकोले असम्बन्धित व्यक्तिको दामासाहीले असुल गरी संलग्न पदाधिकारीलाई जिम्मेवार बनाई नियमित गर्नुपर्ने रु.

| गो.भौ.नं./मिती | विवरण | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|
| १३७४-०७९/१२/०७ | १२ नं. वडाका कर्मचारी तथा पदाधिकारी | २३५००० | वडा नं. ५ को भ्रमण प्रतिवेदनसँग मिलेको |

| | | | |
|---|---|---|---|
| १६४४-०८०/०१/०८ | ५ नं. वडाका कर्मचारी तथा पदाधिकारी | २००००० | वडा नं. १२ को भ्रमण प्रतिवेदनसँग मिलेको |
| २११३-०८०/०३/१२ | प्राध्यानाध्यापकको शैक्षिक भ्रमण कार्यक्रम | ३६०००० | |
| २०३३-०८०/०३/०५ | ६ नं. वडाको जनप्रतिनिधि अर्न्तरिजिल्ला अवलोकन भ्रमण | १००००० | गुरास र नारायण नगरपालिका |
| जम्मा | | ७९५००० | |

| | |
|---|---|
| अनियमित भएको | ७,९५,००० |

७१ **स्थानीय भत्ता** - भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(११) मा सरकारी कामको सिलसिलमा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपभोग गर्ने कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर फिल्ड भत्ता, बैठक भत्ता, तालिम भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने प्रावधान छ। पालिकाले यो वर्ष भ्रमणमा रहेको अवधिमा स्थानीय भत्ता कट्टा गरेको देखिएन। पालिकाले छानविन गरी दैनिक भत्ता उपयोग गरेको अवधिको स्थानीय भत्ता असुल गर्नुपर्दछ।

७२ **भ्रमण खर्च** - कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्।

- अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।
- नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।
- भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।
- कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।
- स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।

त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

७३ **खाना तथा विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.७१,८१,६२३।०० खर्च गरेको छ । पालिकामा हुने यस्ता किसिमका खर्च नियन्त्रण गर्नुपर्दछ ।

७४ **वडा तथा शाखागत खर्च** - पालिकाका हरेक आर्थिक कारोबार एकद्धार प्रणालीमार्फत क्रियाकलापमा आधारित रहि खर्च गर्नुपर्दछ । पालिकाले वडा तथा विभिन्न शाखामा शाखावाइज बजेट व्यवस्था गरी बजेट खर्च गरेको देखिन्छ । भ्रमणको औचित्य पुष्टि हुन नसक्ने कार्यमा समेत बजेट खर्च भएको छ । विभिन्न वडा तथा शाखामा रहेका कर्मचारी तथा पदाधिकारीले व्यक्तिगत प्रयोजनाको लागि खर्च गरेको रिचार्ज जस्ता सञ्चार खर्चको बिलसमेत पेश गरी भुक्तानी लिएको देखिन्छ । शाखालाई आवश्यक पर्ने जिन्सी मालसामानहरु शाखावाइज खरिद गरी सम्बन्धित शाखामा दाखिला गर्ने गरेको छ । यसरी शाखावाईज बजेट खर्च गर्दा खर्चमा पारदर्शिता, मितव्यायिता तथा नियन्त्रण कायम गर्न कठिन हुने देखिन्छ । तसर्थ बजेटलाई विभिन्न शाखामा टुक्रा पारी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

७५ **जिङ्गल नभएको** - (१३८६-२०७९-१२-१९)रेडियोमा सूचना, समाचारमुलक तथा जनचेतनामुलक कार्यक्रमको प्रसारण वापत रकम भुक्तानी गर्दा जिङ्गलको आधारमा भुक्तानी गर्नुपर्दछ। जसको दर निर्धारण गर्दा प्रसारण समय, अविध र पटकको आधारमा रकम निर्धारण गर्नुपर्नेमा एकमुष्ट भुक्तानी गरेको देखिन्छ। पालिकाले जागरण एफ.एमलाई रु.५०,०००/- भुक्तानी गरेकोमा कार्यक्रमको विषय र जिङ्गलको विवरण वेगर भुक्तानी गरेकोले यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ।

७६ **सवारी साधन भाडा** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरीकाले खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष गाडी भाडा वापत दैनिक सम्झौता गरी रु.६,३३,४४०/- खर्च गरेको छ । गाडी भाडा भुक्तानी गर्दा कुन प्रयोजनको लागि, कहिले, कसले उपयोग गरेको हो सो खुल्ने आधार पेश भएन । पालिकामा २ वटा ४ पाङ्ग्रे सवारी साधन र वडा सचिव तथा शाखा प्रमुखलाई मोटरसाइकलको सुविधा हुदाहुदै पनि सवारी साधन भाडामा लिएर सरकारी रकम खर्च गर्दा साधनको उच्चतम प्रतिफल हुनेगरी मितव्ययी तरिकाले खर्च गरेको नपाइएकोले भाडामा लिनु पर्ने औचित्य पुष्टी हुने आधार प्रमाण सहित नियमित गर्नुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | ६,३३,४४० |

७७ **विभिन्न कार्यक्रममा पदाधिकारीलाई भत्ता** - कर्णाली प्रदेश तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ को दफा १५(२) मा पदाधिकारी तथा सदस्यले यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा नपाउने व्यवस्था छ।स्वास्थ्, कृषि तथा लक्षित कार्यक्रम, तालिम लगायत कार्यमा निर्देशिका बमोजिम लक्ष्य प्राप्ती हुने गरी थोरै लागतमा अधिकतम प्रतिफल हासिल हुने गरी संचालन गर्नुपर्दछ ।पालिकाले विभिन्न तालिम कार्यक्रम संचालन गर्दा कार्य प्रगति भन्दा पनि दैनिक भ्रमण भत्ता र विविध एवं स्टेशनरी कार्यमा खर्च भएको छ। नमुना परीक्षणबाट उक्त कार्यक्रममा नियम विपरित पदाधिकारीलाई भत्ता दिने कानूनी आधार वेगर भुक्तानी गरेको असूल गर्नुपर्ने रु.

| क्र.सं | गोश्वारा भौचर नं | कार्यक्रमको नाम | पदामधिकारीको नाम | पदाधिकारीलाई भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | ४२३।२०८०।०३।२७ | रैथानी बाली कार्यक्रम | देव बहादुर रोकाय | १२७५ |

| | | | | |
|---|---|---|---|---|
| २ | १६६।२०७९।१२।०१ | डलकुशन तालिम | सन्ध्या परियार | १२७५ |
| | | | जम्मा | २५५० |

*(प्रारम्भिक प्रतिवेदनउपर असुल गरी पेस भएको आधारमा मिति २०८१।१।६ को निर्णयबाट रु.४,५००।- सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,५५० |

७८ **बिल,महशुल भक्तानी** - सार्वजनिक निकयले भुक्तानी गर्नुपर्ने महशुल तथा शुल्क समयमै भुक्तानी गर्नुपर्दछ । पालिकाले समयमा विल भुक्तानी नगर्दा रु.२१,०२३।९८ आर्थिक व्ययभार सिर्जना भएको अनियमित रु.

| गो.भौ.नं./मिती | विवरण | रकम |
|---|---|---|
| १४३७-०७९/१२/२१ | सुर्खेत अस्पताल-कटकुवा सुर्खेतको विद्युत महशुल भुक्तानी जरिवाना | १४१६०.२३ |
| | सुर्खेत भ्याली खानेपानीको बिल भुक्तानी जरिवाना | ६८६३.७५ |
| | जम्मा | २१०२३.९८ |

| | |
|---|---|
| अनियमित भएको | २१,०२३.९८ |

७९ **असम्बन्धित भुक्तानी** - (१७८-२०७९-६-७)कुनै पनि खर्च लेख्दा पालिकासँग सम्बन्धित कार्यको मात्र गर्नुपर्दछ । पालिकाले जिल्ला न्यायधिशलाई राजविराजसम्म पुर्‍याउन गएको र विभिन्न मितीमा नेपालगञ्ज सम्म कार्यालयको काममा सवारी साधन प्रयोग भएको जनाई सवारी भाडा भुक्तानी गरेको छ । जिल्ला न्यायधिशलाई नेपाल सरकारले सवारी सुविधा लगाएतका सुविधाहरु मासिक रुपमा प्रदान गर्दछ । सम्बन्धित कार्यालयबाट भ्रमण खर्च पाउने कर्मचारीलाई नगरपालिकाबाट सुविधा दिई पञ्चकोशी उर्जा सप्लायर्सलाई रु.६०,०४७/- भुक्तानी दिएकोले न्यायधिशलाई पुर्‍याउन लगेको खर्च एकिन गरी अख्तियार प्राप्त अधिकारीलाई जिम्मेवार बनाई असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६०,०४७ |

८० **एबुलेन्स सञ्चालन** - (१६००-२०८०-१-३)पालिकाले गर्भवती तथा सुत्केरीलाई निशुल्क सेवा प्रवाह को लागि सरकारी तथा संस्थान सवारी चालक एसोसिएशन संझौता गरेको छ । सो संझौतामा नगरपालिकाले वार्षिक रु.२,९९,५००/- भुक्तानी गर्ने, एम्बुलेन्स सञ्चालनको मासिक रुपमा पालिकालाई प्रतिवेदन गर्ने लगायतका १७ बुँदामा संझौता गरेको छ । पालिकाको नगर अस्पतालमा एबुलेन्स रहेर एम्बुलेन्सले सेवा प्रवाह गर्ने तथा अन्यको हकमा समितिले शुल्क निर्धारण गरी सेवाग्राहीबाट शुल्क लिने संझौता भएको र मासिक रुपमा पालिकामा प्रतिवेदन पेश नगरेको कारण सम्झौता कार्यान्वयन भएको छैन। सम्झौता कार्यान्वयन गर्नुपर्दछ ।

८१ **सवारी वीमा तथा नविकरण** - पालिकाले खरिद गरेका सवारी साधन समयमै कार्यालयको नाममा दर्ता गर्नुपर्दछ । पालिकाले सवारी साधनको नविकरण तथा वीमा गर्दा निजी सवारी साधनको समेत खर्च भुक्तानी गरेको छ । यस वर्ष नविकरण तथा वीमा गर्दा देहाय बमोजिम निजी नम्बर रहेको भे-३-प-७९२९ र भे-३-प-३६००

मोटरसाईलक नविकरण वापत रु.९,२०६/- भुक्तानी गरेको छ । सो सम्बन्धमा सव सवारी पालिकाको भएकव तरा यातयात व्यवस्था कार्यालयमा फाइल फेला नपरेकोले सरकारीकरण गर्न नसकेको पालिकाले जनाएको छ । पालिकाले आवश्यक प्रकृया पुरा गरी ति सवारी साधन पालिकाको नाममा ल्याउनुपर्दछ ।

८२ **सावा तथा ब्याज भुक्तानी** - पालिकाले यसवर्षको वजेटमा साँवा तथा ब्याज भुक्तानीको लागि वित्तीय व्यवस्था गरेको छैन । पालिकाले वस पार्क निर्माणको लागि नगर विकास कोषबाट लिएको ऋणको यस वर्ष साँवा तथा ऋण वापत रु.२,३०,००,०००/- चालु खर्च शिर्षक वित्तीय समानिकरण अनुदानबाट भुक्तानी गरेको छ । आर्थिक विवरणमा नदेखाएएको उक्त ऋण समानीकरण अनुदानबाट भुक्तानी गरेको नियम सम्मत देखिदैन । आर्थिक विवरणमा दायित्व देखाई स्वीकृत वजेट अनुसार वित्तीय व्यवस्थामा लेखाङ्कन गर्नुपर्दछ।

८३ **वडाबाट करार संझौता** - वडाबाट कर्मचारी नियुक्तीको सम्बन्धमा कुनै कानूनी व्यवस्था देखिदैन । देहायका वडाले दरबन्दी भन्दा बाहिरको कर्मचारी नियुक्ती गरी रु.१५,३७,२८०/- भुक्तानी भएको छ । पालिकाको दरबन्दी भन्दा बाहिर करार कर्मचारी वडा कार्यालयबाट नियुक्त गरी कार्यपालिकाबाट समर्थन गराउने गरेको छ । पालिकाले दरबन्दि बाहिर वडा कार्यालयबाट नियुक्ती गरि भुक्तानी गरेको खर्च नियमसम्मत नदेखिएको रु.

| वडा नम्बर | संझौता गर्ने पदाधिकारी | विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ११ | प्रविन्ता कुमारी वस्नेत | घरभाडा संझौता | २८२००० |
| स्वास्थ्य चौकि | स्वास्थ्य चौकि प्रमुख | कर्मचारी करार | १२०००० |
| ६ | देव प्रसाद मुलेल | घरभाडा संझौता | ३३५४७९.५६ |
| ६ | देव प्रसाद मुलेल | ३ जना कर्मचारी करार | ५५९८०० |
| १२ | उत्तम अधिकारी | घरभाडा | २४०००० |
| जम्मा | | | १५३७२८० |

| | |
|---|---|
| अनियमित भएको | १५,७३,८२० |

८४ **लगबुक बेगर इन्धन** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। प्रत्येक सवारीको बेग्लाबेग्लै सवारी चलाएको दैनिक मिती, प्रत्येक पटक एक ठाउँमा चलाएको आते जाते दुबैको स्पषेट हुने गरी स्थान खुलाउनुपर्ने, एक ठाउँबाट अर्को ठाउँ सम्म चढाँउदाको सुरुको र अन्तको मिटरबाट देखाइएको किलोमिटरको अङ्क भर्नुपर्ने व्यवस्था महालेखापरीक्षक फारम नं. ९०५ मा रहेको छ । कार्यालयले विभिन्न सवारी साधनको ईन्धन रु.१,११,६०,०००।- खर्च लेखेकोमा सवारी साधन प्रयोगको प्रयोजन पुष्टयाई वेगर सवारी साधनको प्रयोगमा एकैपटक लकबुक राख्दा विभिन्न मितिका विलमा एकमुष्ट लगबुक राखेको तथा कतिपय श्रेस्तामा स्पष्ट गन्तब्य स्थान र सवार कर्मचारीको हस्ताक्षर

विनाको लकबुक राखेको हुंदा ईन्धन खर्चको सम्बन्धमा यकिन हुन सक्ने अवस्था नरहेकोले सोसँग सम्बन्धितलाई जिम्मेवार बनाई तोकिए बमोजिम लगबुक राख्नुपर्दछ अन्यथा सम्बन्धितबाट असुल गर्नुपर्दछ ।

| सवारी साधन नंम्बर | प्रयोग गर्ने पदाधिकारी/कर्मचारी | चालक | प्रयोजन भएको ईन्धन | प्रयोग |
|---|---|---|---|---|
| क्र.प ००९६ जिप | नगर प्रमुख | श्याम देबकोटा | १७७० | नगर प्रमुखको प्रयोग |
| भे १ ग ११८ टिप्पर | तिलक बसेल | तिलक बसेल | ३६४० | सरसफाई विपत |
| भे १ ग ९९ टिप्पर | देब ब बसेल | देब ब बसेल | ३८०० | सरसफाई/विपत |
| भे १ ग १३३ दमकल | गोबिन्द सापकोटा | गोबिन्द सापकोटा | ५८५ | विपत/आगलागी |
| बा २ झ २०२६ जिप | चन्द्र ब थापा | चन्द्र व थापा | ३३४४ | नगर उपप्रमुखको प्रयोग |
| भे १ ग १०५ डोजर | राम ब सोति/विपिन रसाली | राम ब सोति/बिपिन रसाली | ८५३० | सरसफाई विपत |
| बा २ झ ९४२२ जिप | हरि पौडेल / पवन गौतम | हरि पौडेल पवन गौतम | १६४० | प्रमुख प्रसासकीय अधिकृतको प्रमुख |
| भे १ त ५९ टयाक्टर | शेर ब महतरा | शेर ब महतरा | २६४० | सरसफाई बिपत |

८५ **वडा कार्यालयको बैक खाता** - सरकारी कारोबार निर्देशिका, २०७६ बमोजिम सरकारी निकायले खाता सञ्चालन गर्न नेपाल राष्ट्र बैंकले तोकेबमोजिम कोष तथा लेखा नियन्त्रक कार्यालयको सिफारिसमा मात्र खाता सञ्चालन गर्नु पर्दछ । साथै सामान्य प्रशासन मन्त्रालयले पुराना खाता बन्द गर्नको लागि परिपत्र गरेको छ । पालिका अर्न्तगत रहेका वडा कार्यालयको वडाको खाता सञ्चालन गरेकोमा हालसम्म बन्द भएको नदेखिएकोले उक्त खाताहरुमा रहेको रकम पालिकामा आम्दानी जनाई खाता बन्द गर्नुपर्दछ ।

| गो.भौ.नं./मिती | कार्यालय | विवरण | रकम |
|---|---|---|---|
| १६८२-०८०/०१/१४ | वडा विपद तथा जलवायु उत्थनशिल वडा नं. ६ | विपद व्यवसथापन कोष | १००००० |
| १७५७-०८०/०१/३१ | वडा नं. ११ | विपद व्यवस्थापन पुवर्धार समिति | ३००००० |

८६ **लोकसेवा कक्षा** -पालिकाले आर्थिक वर्ष २०७८/०७९ मा शिक्षक सेवा र लोक सेवा आयोग कक्षा सञ्चालनको लागि रु.५ लाख ४३ हजार खर्च गरेकोमा निम्न व्यहोराहरु देखिएका छनः-

| गो.भौ.नं./मिती | कक्षा संचलान गर्ने संस्था | कार्यक्रमको नाम | सहभागी संख्या | भुक्तानी रकम |
|---|---|---|---|---|
| १३४१-०७९/१२/०८ | शुभम मल्टि टेक्निकल एण्ड रिसर्च सेन्टर | आदिवासी जनजाती लोकसेवा आयोग, शिक्षक सेवा आयोग तयारी २ महिना | ३५ | २००००० |
| | सौगात पुस्तक पसल एण्ड जनरल अर्डर सप्लायर्स | जनजाती लोकसेवा आयोग, शिक्षक सेवा आयोग तयारी २ महिनाको कक्षा सञ्चालन | २० | १८३२०० |
| २१६८-०८०/३/१४ | सुर्खेत कम्प्युटर इन्टिच्युट एण्ड कोचिङ्ग सेन्टर | जेहेन्दार महिलाको लागि लोकसेवा कक्षा | | १६०००० |
| | जम्मा | | | ५४३२०० |

८६.१ **पारिश्रमिक कर** - लक्षित वर्ग लोकसेवा कक्षामा सहभागिताको लागि सूचना प्रकाशन नगर्नुको साथै छनोटको आधार पारदर्शी देखिएन । लोकसेवा कक्षा लिने २० सहभागीलाई कुन दिन कुन विषयमा कक्षा सञ्चालन भएको हो सो तालिका उल्लेख गरेको छैन । सौगात पुस्तक पसल एण्ड जनरल अर्डर सप्लायर्सले कुशल न्यौपाने, दिपक खत्री र चेतन लामिछानेलाई क्रमश ३००००/-, ६००००/- र ५००००/- भुक्तानी गरेको भरपाई पेश गरेकोमा पारिश्रमिक कर रु.२१,०००/- दाखिला नगरेकोले कर दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २१,००० |

८६.२ शिक्षक विद्यार्थिको हाजिरीः कार्यालयले आर्थिक वर्ष २०७९/०८० मा आदिवासी जनजाती लोकसेवा आयोग, शिक्षक सेवा आयोग तयारी २ महिनाको कक्षा सञ्चालनको लागि शुभम मल्टि टेक्निकल एण्ड रिसर्च सेन्टर रु.२,००,०००/- भुक्तानी गरेको छ । लोकसेवा कक्षा लिने ३५ सहभागीले माघ ३ गतेदेखि २४ सम्म विद्यार्थिको हाजिर भएको देखिन्छ भने माघ १३ देखी २१ सम्म प्रशिक्षक अनुपस्थित देखिएकोले कक्षा सञ्चालनमा- भएको खर्च नियमित देखिएको छैन । साथै कक्षामा कुन दिन कुन विषयमा कक्षा सञ्चालन भएको हो सो तालिका उल्लेख गरेको छैन ।

८६.३ **छनोटको आधार**- लोकसेवा कक्षा सञ्चालनको लागि पालिकाले कार्यविधि निर्माण गरेको छैन । लक्षित वर्ग लोकसेवा कक्षा भनेतापनि लक्षित वर्गको परिभाषा स्पष्ट हुन सकेको छैन । कक्षा सञ्चालनको लागि पालिकाले सूचना प्रकाशन, रिसर्च सेन्टरसँग संझौता नगर्नुको साथै छनोटको आधार पारदर्शी देखिदैन ।

८७ **स्वास्थ्य बिमा** - अति विपन्न नागरिक स्वास्थ्य विमा कार्यक्रम कार्यविधि, २०७९ बमोजिम विपन्न भन्नाले आर्थिक तथा सामाजिक गरिवीको आधारमा वीरेन्द्रनगर नगरपालिकाले वर्गिकरण गरी सूचिकृत गरेको आर्थिक सामाजिक गरिबीको रुपमा परिभाषित भएका नागरिकलाई स्वास्थ्य विमा गरेको सम्बन्धमा निम्न व्यहोरा देखिएको छ ।

८७.१ **बिमा** - पालिकाले अतिविपन्न नागरिक जनाई परिवारको रु.१३ लाख २९ हजार स्वास्थ्य विमा वापत भुक्तानी गरेको छ । स्वास्थ्य वीमा भएकाहरु अति विपन्न नागरिक हुन भन्ने आधार पालिकाले पेश गरेको छैन ।अति विपन्न नागरिको वर्गिकरण गरी सुचिकृत नगरेकोले वीमा रकमको सहि उपयोग गर्नेतर्फ पालिका सजक रहनुपर्दछ।

८७.२ **पदाधिकारी तथा कर्मचारीको बीमा -** वडा नम्बर ८ को वडा समितिको वैठकले वडाका जनप्रतिनिधी र कर्मचारीको स्वास्थ्य वीमा वापत पालिकाबाट प्रिमियम भुक्तानी गरेको देखिन्छ । निम्न पदाधिकारी तथा कर्मचारीले लक्षित वर्ग स्वास्थ्य बिमा कार्यक्रमबाट भुक्तानी भएको रकम बजेट विनियोजन तथा कर्णाली प्रदेशका पदाधिकारीको सेवा सुविधा सम्बन्धि ऐन, २०७७ को विपरित देखिएकोले यस्ता निर्णय तथा भुक्तानी गर्ने पदाधिकारी जिम्मेवार बनाई असुल गर्नुपर्ने रु.

| पद | पदाधिकारी तथा कर्मचारी | भुक्तानी रकम |
|---|---|---|
| वडा सदस्य | चन्द्रा कुमारी दमाई | ३५०० |
| उद्योग विकास सहजकर्ता | लिला पौडेल | ३५०० |
| सदस्यको नातेदार | रत्ना गाहा मगर | ३५०० |
| | लालु सिंह | ३५०० |
| | विर सिं रजाली | ३५०० |
| | **जम्मा** | **१७५००** |

***(प्रारम्भिक प्रतिवेदनउपर असुल भई पेस भएको आधारमा मिति २०८१।१।४ को निर्णयबाट रु.७,०००।- सम्परीक्षण गरिएको ।)***

| असुल गर्नुपर्ने | १७,५०० |
|---|---|

८८ **तालिम कार्यक्रम सञ्चालन -** तालिम, गोष्टी, सेमिनार लागायत कार्यक्रम सञ्चालन गर्दा स्वीकृत नर्म्सका आधारमा सञ्चालन गर्नुपर्दछ ।पालिकाले उक्त कार्यक्रमहरु सञ्चालन गर्दा अर्थमन्त्रालय, स्वास्थ्य मन्त्रालय, प्रदेश मन्त्रालय लगायतले जारी गरेको नर्म्स पालना गरेको छैन । कार्यक्रम संचालन गर्दा नर्म्स अनुसार नभई बजेट अनुसार यातायात भत्ता खर्च, खाना, खाजा, स्टेशनरी, कार्यपत्र प्रस्तुति, संयोजक भत्ता लगायत खर्च निर्धारण गरी कार्यक्रम स्वीकृत गर्ने र सोही अनुसार कार्यक्रम खर्च भएको जनाई बिल भरपाई संलग्न गरी पेश्की फछ्र्यौट गर्ने गरेको छ ।कार्यक्रम सञ्चालन पश्चात पेश गरेको बिल भरपाईमा कार्यक्रमको लागत अनुमान तयार गर्ने, तालिम कार्य तालिका संलग्न गर्ने, तालिमको विषय वस्तु सम्वन्धमा तयार गरेको कार्यपत्र, कार्यक्रमको प्रतिवेदन, खर्चको तेरिज लगायत कार्य पुष्टी हुने प्रमाण संलग्न गर्ने गरेको छैन । कुनै पनि कार्यक्रममा स्वीकृत बजेट फ्रिज नहुने गरी खर्च गर्दा खर्च वास्तविक मान्ने अवस्था छैन् । यातायात, दैनिक भ्रमण भत्ता खर्च भ्रमण नियमावली अनुसार नभई बजेटको आधारमा भुक्तानी दिने गरेको छ ।कार्यालयबाट संचालित एक अर्को तालिम कार्यक्रममा समेत खर्च मापदण्ड मिलान नहुने अवस्था देखिंदा कार्यक्रम खर्च मितव्ययी, नियमितता र औचित्यपूर्ण मान्न सक्ने अवस्था नदेखिएकोले कार्यक्रम खर्चमा भएको वास्तविकता समेत कार्यालयबाटै पुष्टि हुने गरी खर्चको प्रभावकारीता र यथार्थता यकिन गर्नपर्ने देखिन्छ ।

८९ **उद्यमशिल विकास तालिम** - पालिकाले ५ दिने उद्यमशीलता विकास तालिम सञ्चालनको २०७९/०९/०८ को सूचना बमोजिम पालिका भित्र रहेका ९० जनालाई ३ समुहमा विभाजन गरी तालिम सञ्चालन गरेकोमा देखिएका व्यहोराहरु निम्न बमोजिम रहेका छन्

८९.१ **अनुगमन भत्ता** - कर्णाली प्रदेश तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ को दफा १५(२) मा पदाधिकारी तथा सदस्यले यस ऐनले निर्धारण गरेको सुविधाबाहेक अन्य सुविधा नपाउने व्यवस्था छ । पालिकाले पदाधिकारी तथा कर्मचारीलाई अनुगमन भत्ता दिने कानूनी आधार वेगर निम्न कर्मचारी तथा पदाधिकारीलाई भुक्तानी गरेको रु.७,६५०/- असूल गर्नुपर्ने देखिएको रु.

| गो.भौ.नं./मिती | अभिमुखिकरण मिती | अनुमन भत्ता | |
|---|---|---|---|
| | | नाम/थर | रकम |
| १५७५-०७९/१२/२६ | २०७९/११/२५-२९ | ऋषि गिरी | १२७५ |
| | | टिका घले | १२७५ |
| १५७६-०७९/१२/२६ | २०७९/१२/०१-०५ | टिकाराम शर्मा | १२७५ |
| | | लक्ष्मी चौधरी | १२७५ |
| १५९०-०८०/०१/०३ | २०७९/१२/२०-२४ | ऋषि अधिकारी | १२७५ |
| | | सरिता चौधरी | १२७५ |
| | जम्मा | | ७६५० |

***(प्रारम्भिक प्रतिवेदनउपर असुल गरी पेस भएको आधारमा मिति २०८१।१।६ को निर्णयबाट रु.३,८२५।- सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,६५० |

८९.२ **हल भाडा** - सार्वजनिक निकायले रकम भुक्तानी गर्दा सम्बन्धित व्यक्ति/फर्मलाई भुक्तानी गर्नुपर्दछ ।पालिकाले नेपाल पत्रकार महासंघको भवन भाडामा लिएकोमा पत्रकार महासंघको बिल जारी नगरी सचिव ललित बुढालाई रु.२७,०००/- भुक्तानी गरेको भरपाई पेश भएकोले महासंघको खातामा जम्मा भएको भरपाई पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २७,००० |

९० **कौशी खेती** - (१२६४-२०७९-१२-२)कार्यक्रम सञ्चालन गर्दा सो सँग सम्बन्धित सरोकार व्यक्ति तथा स्रोत व्यक्तिलाई मात्र सहभागि गराउनुपर्दछ । वडा नम्बर ८ ले सञ्चालन गरेको कौशीखेती तालिमको सूचना र कार्यतालिका पेश गरेको छैन । तालिममा पालिकाका कर्मचारी तथा पदाधिकारीलाई अभिमुखीकरणमा सहभागी जनाई(सहभागी र यातयात भत्ता) रु.१७,८८५/- भत्ता वितरण गरेको छ । प्रचलित कानून विपरित पालिकाकै कर्मचारी र पदाधिकारीलाई भुक्तानी दिने अख्तियारी अधिकारीलाई जिम्मेवार बनाई असुल गर्नुपर्ने रु.

| नाम/थर | रकम |
|---|---|
| डिल्लि प्रसाद पाण्डे | १७६० |
| चन्द्रा कुमारी दमाई | ९९५ |
| नेत्र बहादुर ठाडा | ९९५ |
| लिला पौडेल | ९९५ |
| चन्द्रलाला कुमाल मगर | ६६५ |
| जम्मा | ५४१० |

*(प्रारम्भिक प्रतिवेदनउपर असुल गरी पेस भएको आधारमा मिति २०८१।१।६ को निर्णयबाट रु.१२,४७५।- सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,४१० |

९१ **कौशी खेती कार्यक्रम अनुगमन –**

..........*(प्रारम्भिक प्रतिवेदनउपर असुल गरी पेश भएको आधारमा मिति २०८१।१।६ को निर्णयबाट रु.४०००।- सम्परीक्षण गरिएको ।)*

९२ **वितरणमुखी कार्य** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष देहाय बमोजिमको संस्थालाई भुक्तानी गरेको अनुदान अनुत्पादक, वितरणमुखी तथा प्रतिफल दिन नसक्ने कार्यमा खर्च गरेको देखिएकोले यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

| विवरण | रकम |
|---|---|
| आराध्य मिडिया हाउस | १५हजार |
| अखिल नेपाल महिला संघ | २५हजार |
| तमू ह्युल छोंज धीं गुरुङ्ग राष्ट्रिय परिषद कर्णाली प्रदेश कार्यसमिति | ५०हजार |
| अखिल नेपाल महिला संघ क्रान्तिकारी | १०हजार |
| प्रेस चौतारी नेपाल | १ लाख ५०हजार |
| वागिना समुह | २ लाख |
| वागिना समुह | १ लाख २५हजार |

| | |
|---|---|
| अपा ङ्गता समाज , सुर्खेत | १५ लाख |
| प्रशान्ति वृद्धाश्रम, सुर्खेत | १५ लाख |
| जिल्ला लघु उद्यमी समूह संघ | ५ लाख |
| कांक्रेविहार ज्येष्ठ नागरिक केन्द्र | ५ लाख |
| बृद्धा सेवा केन्द्र, सुर्खेत | ५ लाख |
| साना किसान कृषि सहकारी संस्था लि., वीरेन्द्रनगर ३ | १ लाख ५० हजार |
| सम्झौता सामाजिक उद्यमी महिला सहकारी संस्था लि. | १ लाख ५० हजार |
| उत्तरगंगा सामाजिक उद्यमी सहकारी संस्था लि. | २ लाख |
| साना किसान कृषि सहकारी संस्था लि., वीरेन्द्रनगर ९ | २ लाख |
| ज्येष्ठ नागरिक सम्मान | २ लाख ८० हजार |
| जेष्ठ नागरिक सम्मान | ४ लाख |
| पोषण कार्यक्रम | ३ लाख ४५ हजार |
| पोषण वितरण कार्यक्रम | १ लाख ६३ हजार |

उक्त तालिकाबाट पालिकाले मिडिया हाउस, राजनीतिक दलका भातृसंगठन, सामाजिक संस्था एवं नाफामुलक सहकारी संस्थालाई समेत अनुदान उपलव्ध गराएको देखिएको छ । अनुदान बास्तविकतामा आधारित हुनेगरी दायरा तथा आधार निर्धारण हुने कार्यविधि बनाई नियमितता र मितव्ययी बनाउनु पर्दछ ।

९३ **सामान खरिदमा बढी भुक्तानी** –

***..........(प्रारम्भिक प्रतिवेदनउपर असुल गरी पेश भएको आधारमा मिति २०८०।१२।२४ को निर्णयबाट रु.२,७००।- सम्परीक्षण गरिएको ।)***

९४ **लघु उद्यम विकास कार्यक्रममा उत्पादन सामाग्री** - गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका २०७७ को दफा ३९ मा तालिमबाट उत्पादित सामान वा वस्तुहरुको व्यवस्थित अभिलेख राखि त्यस्ता सामानहरु प्रशिक्षण अवधिभित्रै परल मूल्यको ५० प्रतिशत छुटमा सहभागीलाई विक्री गरी शाखाले तोकेको राजश्व खातामा रकम जम्मा गर्नु पर्ने विक्री नभएमा प्रदर्शनी वा विक्री कक्षमा पठाउने र त्यसरी पनि विक्री नभएमा ७ दिन भित्र स्टोर दाखिला गर्नुपर्ने र दफा ४१ बमोजिम प्रविधि हस्तान्तरण गर्दा अपाङ्गता भएका उद्यमी बाहेक अन्य उद्यमीलाई उद्योगको प्रकृति, आवश्यकता र उद्योगबाट सिर्जना हुने रोजगारीका आधारमा उपलब्ध गराउने प्रविधिको कुल लागतको बीस प्रतिशत रकम उद्यमीले व्यहोर्नुपर्ने व्यवस्था छ। पालिकाले लघु उद्यम सम्बन्धी कार्यक्रममा रु.१५,६०,०००।— खर्च गरेको छ। जस अन्तर्गत वस्तु तथा सामान उत्पादन हुने बाँस, निगाला तालिममा रु.३,४८,०००/-,डल कुशन तालिममा रु.१,५४,३५५/- र जुत्ता चप्पल बनाउने

तालिममा रु.२,६५,००/-खर्च गरेकोमा उत्पादन भएको सामानको रेकर्ड राखेको देखिएन ।पालिकाले निर्देशिका बमोजिम यस्ता सामान विक्री गरी राजश्व संकलन गर्नुपर्ने अन्यथा स्टोर दाखिला गरी सामानको अवस्थाको यथार्थ विवरण तयार गरी लगत राख्नुपर्दछ।

९५ **पकेट क्षेत्रको अनुगमन** - प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअल 2077 बमोजिम स्थानीय तहले पकेट विकास कार्यक्रम अन्तर्गत सञ्चालित क्रियाकलापहरुको एकल वा पकेट क्षेत्रका लाभग्राही एवं सरोकारवालाहरुको सहभागितामा संयुक्त अनुगमन तथा मूल्याङ्कन गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले तरकारी बाली निरन्तरताको लागि रु.६ लाख, नयाँ तरकारीबाली पकेट विकासको लागि रु.१२ लाख, मकै बाली प्रवर्द्धनमा रु. ८ लाख १५ हजार, रैथाने बाली कार्यक्रम रु. ४ लाख ४३ हजार गरी जम्मा रु.३० लाख ५८ हजार अनुदान बितरण गरेको छ । पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी आत्मनिर्भरता हासिल गर्ने तथा अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

९६ **अनुदानको अनुगमन** - गोश्वारा भौचर मिति २६८९।०८०।३।२३ सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले छाडा पशु तथा गौशाला व्यबस्थापन र हरियालि प्रवर्दन तथा बातावरण संरक्षण कार्यक्रम शीर्षकबाट एग्रो बुस्ट अर्गानिक फर्मालाई बृक्षारोपण कार्यको लागी रु.१,९९,६००/- अनुदान खर्च लेखेको छ । पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

९७ **रैथाने बाली प्रवर्द्धन कार्यक्रममा बढी भुक्तानी** - सबै प्रकारका तालिम, गोष्ठि, सेमिनार, कार्यशाला सञ्चालन गर्दा अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०७७ को ७.१.१५ बमोजिम मापदण्डलाई आधार लिई खर्च गर्नुपर्ने व्यवस्था रहेको छ।पालिकाले रैथाने वाली प्रवर्द्धन कार्यक्रममा प्रशिक्षकहरुलाई निम्न अनुसार बढी भत्ता भुक्तानी भएकोले असुल गर्नुपर्ने रु.

| क्र.सं | प्रशिक्षकको नाम, थर | सेसन संख्या | प्रति सेसन बुझिलिएको दर | हुनुपर्ने दर | बढी भुक्तानी ( कर बाहेक ) |
|---|---|---|---|---|---|
| १ | केशव कठायत | २ | २५०० | १६०० | १५३० |
| २ | विनोद खरेल | २ | २५०० | १६०० | १५३० |
| | | | | जम्मा | ३०६० |
| | | | | असुल गर्नुपर्ने | ३,०६० |

९८ **औषधी खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चीस लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले यस वर्ष पालिकाको बजेटबाट बोलपत्र मार्फत रु.१९,६५,८३३।- र संघीय सशर्तको वजेटबाट सोझै खरिदमार्फत् रु.२५,१०,८७४।— समेत गरी कुल रु. ४४,७६,७०७।- कोऔषधी खरिद गरेको छ। त्यस्तै सोही नियमको उपनियम (१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी उल्लेखित सीमा भन्दा वढी रकमको एउटै फर्म वा संस्थाबाट खरिद गर्न नपाईने उल्लेख भएकोमा सुमित मेडिको फर्माबाट फरक मितिमा पटक पटक गरी रु.१९,६२,७७४/- समेत विभिन्न फर्मबाट गरी रु.२५,१०,८७४।- को औषधी सोझै खरिद गरेकोले पटके खरिद गरेको रकम नियमसम्मत देखिएन ।

| भौ नं | सप्लायर्सको नाम | रकम |
|---|---|---|
| २९६ | सुमित मेडिको फर्मा | ९९६९४० |
| २५३ | सुमित मेडिको फर्मा | ९६५८३४ |
| ३९५।२०८०।३।२४ | रारा ग्रुप प्रा लि | ४९६५० |
| ३० | श्री कृष्ण साइन्स एण्ड सर्जिकल सप्लायर्स | ४९८४५० |
| | जम्मा | २५१०८७४ |

अतः पालिकाले एक आर्थिक वर्षमा के कति औषधि आवश्यक पर्ने हो सो को एकीन गरी स्पष्ट कार्ययोजना बनाएर मात्र खरिद गर्नुपर्दछ ।

९९ **खरिद व्यवस्थापन** - औषधी खरिद गर्दा प्राप्त उक्त औषधी कुन औषधी कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन भए नभएको, आपूर्ति हुने औषधी डव्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने, औषधीको उत्पादन मिति, ब्याच नं र म्याद, समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई मात्र भण्डारण गर्नुपर्ने, औषधी बिक्रीको लागि होइन भनि खुलाएको प्रमाण समावेश हुनुपर्ने, आपूर्ति भएका औषधी एवमं सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको मुचुल्का संलग्न गर्नुपर्ने लगायत व्यवस्था छ ।पालिकाले उक्त कार्य नगरेको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । औषधीको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, औषधीको खर्च घटाउँदा माग फारामको आधारमा एकमुष्ट घटाउने गरेको लगायत अवस्था देखिएको छ ।तसर्थ औषधीको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधीहरु जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ।

१०० **न्यानो झोला कार्यक्रम** - स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदानतर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतीका आधारमा अनुमान गरी न्यानो

झोला खरिद वितरण गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष रु.७९५/- दरमा ५५० थानको रु.४,३४,५००/- को न्यानो झोला खरिद गरेकोमा अन्तर्गतका ७ बर्थिङ सेन्टरमा ३३५ प्रसुती भएको अभिलेखबाट देखिएकोले खरिद आवश्यकता पहिचान यथार्थ देखिएन। माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ ।

१०१ **पोषण कार्यक्रम** - स्थानीय तह कार्यक्रम संचालन मार्गदर्शन (शसर्त अनुदान मार्फत् हस्तान्तरित कार्यक्रम ) बमोजिम पोषण कार्यक्रमहरुको समीक्षा गर्ने, वार्षिक प्रतिवेदनमा छलफल गर्ने, पोषण कार्यक्रमको विश्लेषण, मूल्याङ्कन गरी पिछडिएको वर्ग, असहाय, विपन्न, अति विपन्न समूहको लागि पोषण कार्यक्रम के कति समेटिएको छ वा छैन विश्लेषण गरी समेटिएका छैनन् वा न्यून छ भने उपयुक्त कार्ययोजना बनाउनुपर्ने उल्लेख छ। पालिकाले यसवर्ष पोषण संवेदनशील विभिन्न कार्यक्रममा रु.५ लाख ५८ हजार ३ सय खर्च गरेकोमा पोषण सम्बन्धी कार्ययोजना बेगर खर्च गरेको छ। अतः पालिकाले पोषण सम्बन्धी कार्य गर्दा स्थानीय तह कार्यक्रम मार्गदर्शन बमोजिम कार्ययोजना बनाई अधिकतम प्रतिफल प्राप्त हुने गरी संचालन गर्नु पर्दछ।

१०२ **स्यानिटरी प्याड** - स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ४ र ५ का छात्राहरु १६६९ र ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु समेत गरी ९४८६ रहेका छन। पालिकाले संघीय सशर्तबाट १२९३०० थान रु.३१ का दरले स्यानिटरी प्याड रु.४५,२९,३७९/- (मूल्य अभिबृद्धि कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरी मौज्दातमा राखेको देखिन्छ। साथै कुन विद्यालयमा के कति मात्रामा प्याड वितरण भएको हो त्यसको भरपाई, वितरण भएका प्याड प्रयोगको अवस्था के कस्तो रहेको छ फोटा सहितको अनुगमन समितिको प्रतिवेदन समावेश भएको छैन । स्यानिटरी प्याड कार्यविधि वितरण तथा व्यवस्थापनमा भए बमोजिम कार्य गर्नु पर्दछ ।

१०३ **विद्यालयमा ईन्टरनेट जडान** - (१७८-२०७९-१०-१७)कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं २.७.१३.१० विद्यालय संचालन तथा व्यवस्थापन अनुदान अन्तर्गत विद्यालय ईटरनेट व्यवस्थापन खर्च वापत प्रति विद्यालय रु. १२,०००।- का दरले ६० विद्यालयलाई रु.७,२०,०००।- भुक्तानी गरेकोमा ईन्टरनेट जडान तथा संचालन गरेको प्रमाण पेश नगरेकोले ईटरनेट जडान भएको विद्यालयको हकमा सो को प्रमाण तथा जडान नभएको विद्यालयको हकमा सो रकम फिर्ता गरेको प्रमाण पेश गर्नुपर्ने रु .

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,२०,००० |

१०४ **दिवा खाजा** - कार्यक्रम कार्यान्वयन पुस्तिका (२०७९।८०) को २.८.७ मा सुर्खेत जिल्लाका स्थानीय तहले दिवा खाजा बापत प्रतिविद्यार्थी दैनिक रु.१५।- का दरले विद्यालयलाई निकासा गर्ने, उक्त दिवा खाजा व्यवस्थापनका लागि दिवा खाजाको मेनु तयारी बनाउने एवं खाजाको गुणस्तर सम्बन्धमा स्थानीय तहले अनुगमन गर्नुपर्ने व्यवस्था छ। साथै दोस्रो त्रैमासिक देखि स्थानीय तहले विद्यालय भौतिक रुपमा पुरा समय चलेको दिन (परीक्षामा सामेल भएको दिनसमेत) खाजा उपलब्ध गराईएका विद्यालयको प्रधानध्यापक र विव्यस अध्यक्षबाट विद्यार्थीको संख्यात्मक विवरण प्रमाणीत गराई स्थानीय तहमा सङकलन गरी संख्या यकिन भए पश्चात मात्र थप

अनुदान दिने व्यवस्था छ। पालिकाले अन्तर्गतका ५४ वटा विद्यालयहरुमा दिवा खाजा व्यवस्थापन वापत रु.२,४९,७४,४५२।०० निकासा गरेको छ। निर्देशिकाले तोके बमोजिमको दिवा खाजाको मेनु तयार एवं यसको गुणस्तर सम्बन्धमा अनुगमन गरेको पाइएन। जसले गर्दा कुन गुणस्तरका खाजा खुवाएको हो सो विषयमा एकिन हुन सकेन। अत पालिका भित्रका विद्यालयमा संचालित दिवा खाजा कार्यक्रम प्रभावकारी भए/नभएको सो विषयमा अनुगमन गर्नुपर्दछ।

१०५ **IEMIS को तथ्याङ्क** - कार्यक्रम कार्यान्वयन पुस्तिका,२०७९/80 मा IEMIS मा प्रविष्ट, तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोको आधारमा विद्यालयहरुलाई दिवाखाजा छात्रवृति एवम पाठ्यपुस्तक, लगायतका शिर्षकमा निकासा हुनुपर्दछ। पालिकाले अनुगमन गरी वास्तविक विद्यार्थी संख्याको आधारमा IEMIS मा तथ्याकं अधावधिक गरी सोही आधारमा निकासा गर्ने कार्य गर्नु पर्नेमा आंशिक रुपमा गरेको पाइएकोले पालिकाले निकासा गरेको छात्रवृति, दिवा खाजा, पाठ्यपुस्तक, विद्यालय संचालन तथा व्यवस्थापन र अन्य व्यवस्थापन लगायतको विद्यार्थी संख्याको आधारमा निकासा हुने सवै अनुदानहरुको सम्वन्धमा विद्यालयले अनुगमन गरी एकिन गरिनु पर्दछ। विद्यालयको स्थायी र अस्थायी दरबन्दी र राहत कोटामा कार्यरत शिक्षकहरुको नाम, नियक्ति, तलब ग्रेड र विद्यालयलाई निकासा जाने सबै रकमहरु देखिने गरी विद्यालयगत निकासा खाता अधावधिक गरी राख्नुपर्ने व्यवस्था छ। पालिकाले विद्यालयगत निकासा खाता तयार गरेको देखिएन। यसबाट निकासाका रुपमा जाने तलब, भत्ता र विभिन्न अनुदान रकमहरुको विद्यालयगत स्थिति स्पष्ट हुने गरी भिडान गर्न सकिएन। अतः विद्यालयलाई जाने सबै रकमहरु देखिने गरी प्रविष्टि गरी विद्यालयगत रकम निकासाको एकिकृत अभिलेख तयार गर्नुपर्दछ ।

१०६ **विल भरपाई वेगर भुक्तानी** - (२५६-२०८०-२-२१) आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) ले सरकारी कामको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई संलग्न गरी सो अनुसार भुक्तानी गर्नु पर्ने व्यवस्था छ। पालिकाले ल्याव संचालनका लागि शिव माध्यमकि विद्यालय, लाटीकोइलीलाई विल भरपाई वेगर रु.२ लाख निकासा दिएकोले विल भरपाई पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,००,००० |

१०७ **विद्यालय लेखापरीक्षण** - सबै सरकारी निकायले आर्थिक वर्षको समाप्ती पश्चात् लेखापरीक्षण गराउनुपर्दछ। पालिकाले उपलब्ध गराएको विवरणअनुसार आर्थिक वर्ष २०७९/८० मा ६० विद्यालयमध्ये १० वटा विद्यालयको मात्र लेखापरीक्षण सम्पन्न भएकोले ४५ विद्यालयले लेखा परीक्षण गराएका छैनन्। वित्तीय अनुशासन कायम गर्न गराउन विद्यालयहरुको लेखापरीक्षण अनिवार्य गराउनु पर्दछ ।

१०८ **विद्यालयमा अनुदान** - कार्यक्रम कार्यान्वयन पुस्तिका (आ.व.२०७९/०८०) २.८.९ क्रियाकलाप नं २.७.१३.१३ बमोजिम सार्वजनिक विद्यालयलाई विभिन्न किसिमको अनुदान दिने व्यवस्था रहेको छ। नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयनका लागि कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान रु.३० लाख श्री जन नमुना माध्यमिक विद्यालय निकासा दिएकोमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम्

कार्यसम्पादनको अनुगमन गरी प्रभाव मूल्याकन गरेको देखिएन। अनुदान रकम प्रभावकारी सदुपयोग भए/नभएको सम्बन्धमा पालिकाले अनुगमन गर्नुपर्दछ ।

१०९ **शिक्षकको तलव बढी निकासा -**

*...........(प्रारम्भिक प्रतिवेदनउपर असुल गरी पेश भएको आधारमा मिति २०८०।१२।२४ को निर्णयबाट रु.१३६९३९।- सम्परीक्षण गरिएको ।)*

११० **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

१११ **फोहोरमैला व्यवस्थापन -** नेपालको संविधानको अनुसुचि-८ तथा फोहोरमैला व्यावस्थापन ऐन,२०६८ को दफा ५१(२) अनुसार फोहोरमैला व्यवस्थापन स्थानिय तहले आवश्यक कार्यविधि निर्माण गरी प्रयोग गर्ने व्यवस्था अनुरुप पालिकाले फोहोरमैला व्यवस्थापन कार्यविधि-२०७७ जारी गरेको छ । कार्यविधिमा उल्लेख भएबमोजिम पालिकाले फोहोरमैलाको दिर्घकालीन व्यवस्थापनको लागि रणनीति तयार गरेको देखिएन। दफा ६ मा उल्लेख भएबमोजिम फोहरमैला व्यवस्थापन समितिले फोहरमैलालाई कम्तीमा जैविक र अजैविक लगायत विभिन्न प्रकारमा विभिन्न प्रकारमा विभाजन गरी स्रोतमा छुट्याउन सक्ने गरी तोकेको देखिएन । पालिकाले फोहोरमैला व्यवस्थापनको लागि करिब १ करोड रुपैया खर्च गरेको छ । फोहोरमैला व्यवस्थापनको लागि पालिकाले ३ वटा प्याकेजमा विभिन्न फर्मसँग सझौता गरेको जनाएको छ । कार्यसम्पादन सन्तोष जनक नहुदा दण्ड तथा जरिवाना लगाउनुपर्नेमा पालिकाले सो नगरी संझौता भंग गरेकोमा क्लिन नेपाल अदालतमा गरी अदालतको आदेश बमोजिम पुन जिम्मा दिएको देखिन्छ । कार्यालयले पेश गरेको विवरण अनुसार वडा नं. १ र २ मा वडा कार्यालयबाट, वडा नं. ३ मा एफ एण्ड एफ ईन्जिनियरिङ्ग कन्ट्रसन प्रा.लि., वडा नं. ४ र ५ युफा मोर्टस, वडा नं. ६ मा सरसफाई व्यवस्थापन समित, वडा नं. ७ देखि १२ सम्म क्लीन नेपाल, काठमाण्डौबाट फोहोर व्यवस्थापन गरेको जनाएको छ । शुल्क उठाउने विधि तथा प्रकृया र उठेको शुल्कमा नगरपालिकाले प्राप्त गर्ने हिस्सा व्यवस्थित गरेको पाइएन । फोहोर संकलन गर्न निजी क्षेत्र, पालिका, समिति तथा वडा कार्यालयले भिन्दा भिन्दै कार्य गर्नुपर्ने स्पष्ट कारण पेश गरेको छैन । यसरी विभिन्न क्षेत्रबाट फोहोरमैला संकलन गर्दा लागत तथा व्यवस्थापन कार्य जठिल रहने देखिन्छ । फोहोरलाई मोहरमा रुपान्तरण गर्न आवश्यक कदम चाल्नुको साथै फोहरमैला व्यवस्थापनलाई एकिकृत रुपमा व्यवस्थित गरी सोको दिर्घकालीन समाधानको लागि पालिकाले आवश्यक कदम लिनुपर्दछ ।

११२ **गरिवसँग विश्वेश्वर** - सामाजिक परिचालनका माध्यमबाट विपन्न परिवारलाई संगठित गरी स्थानीय मानव संशाधनको विकास गरी सामाजिक पुँजीको विकास गर्न गरिबसँग विश्वेश्वर कार्यक्रम कार्यान्वयन निर्देशिका, २०६६ जारी भएको छ। निर्देशिकाको बुँदा नं. ६(घ) तोकिएको मापदण्डका आधारमा अतिविपन्न परिवार छनौट लगायत विभिन्न १२ वटा कार्यहरु स्थानीय तहलाई तोकिएकोमा पालिकालाई प्राप्त रु.४ लाख १३ हजारमध्ये रु.१ लाख ९५ हजार सामाजिक परिचालकको तलब र प्रशासनिक खर्च गरी वचत रु.२ लाख ५४ हजार २१ कृषक बाख्रा खरिद गरी अनुदान दिएको छ । सोही प्रकृतिको अनुदानमा पालिकाले समेत खर्च गर्दै आईरहेको सन्दर्भमा अनुदान रकमबाट तोकिएको कार्य लक्ष्य पुरा हुने अवस्था छैन । अनुदान प्रभावकारी नहुने कार्यक्रममा चालु खर्चको भार बढाउने कार्यक्रम संञ्चालनमा पुर्नविचार गर्नुपर्दछ ।

११३ **आन्तरिक लेखापरीक्षण** - कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा ३३(८) वमोजिम आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश भएका व्यहोरा अन्तिम लेखापरीक्षण हुनु अगावै फस्यौंट तथा सम्परिक्षण गराउनु पर्ने तथा दफा ३३(९) वमोजिम आन्तरिक लेखापरीक्षणको सुझावहरुको सम्वन्धमा कारण सहित हटाएकोमा वाहेक अन्य सुझावहरुलाई अन्तिम लेखापरीक्षण प्रतिवेदमा समावेश गर्नुपर्ने व्यवस्था अनुरुप आन्तरिक लेखापरीक्षणमा देखिएका व्यहोरा हालसम्म फस्यौंट नभएकोले निम्नानुसार कायम गरिएको छ ।

११३.१ **अटो ऋणिको विवरण** - यस नगरपालिकाको स्थानीय बिकास कोष तर्फबाट आर्थिक बर्ष २०७६।०७७ देखि हाल सम्म महिला स्वरोजगार कार्यक्रम अन्तर्गत ३१ जनालाई अनुदानमा अटो वितरण गरिएको देखिन्छ । यसरी अनुदानबाट खरिद भएको अटोरिक्सा ३ वर्षसम्म बेच्न नपाउने सम्झौतामा उल्लेख भएको तर उक्त रिक्सा नामसारी हुने निकायमा नै ३ वर्ष सम्मलाई रोक्का गर्नुपर्नेमा सो गरेको नदेखिएन तथा अटोरिक्सा खरिद गर्न दिइएको ऋण २.५ वर्ष भित्र फिर्ता गरेमा व्याज नलाग्ने तर सो पश्चात कति प्रतिशत व्याज तिर्नुपर्ने उल्लेख नगरी ऋण प्रवाह भएको छ । कार्यालयले स्पष्ट कार्योजना बनाइ अनुदानमा दिएको अटोको ऋण रकम उठाउन कुनै पहल गरेको नदेखिएकाले यथाशिघ्र ऋण तथा ब्याज रकम किटान गरी असुलउपर गर्नुपर्ने रु.

| क्र.सं. | नामावली | ठेगाना | वर्ष | लिएको रकम |
|---|---|---|---|---|
| १ | शुसिला सापकोटा | वी.न.पा.-१ | २०७६ | १००००० |
| २ | मौसमी मल्ल | वी.न.पा.-२ | २०७६ | १००००० |
| ३ | निर्मला सेढाई | वी.न.पा.-५ | २०७६ | १००००० |
| ४ | सिर्जना गुरुङ्ग | वी.न.पा.-८ | २०७६ | १००००० |
| ५ | यशोदा सापकोटा | वी.न.पा.-८ | २०७६ | १००००० |
| ६ | टिका वि.क. | वी.न.पा.-११ | २०७६ | १००००० |
| ७ | कविता थापा | वी.न.पा.-१३ | २०७७ | १००००० |
| ८ | भूमिसरा गाईन | वी.न.पा.-१३ | २०७७ | १००००० |
| ९ | पवित्रा रावत | वी.न.पा.-१३ | २०७७ | १००००० |

| | | | | |
|---|---|---|---|---|
| १० | कल्पना सिंह | वी.न.पा.-१२ | २०७७ | १००००० |
| ११ | अनिता रोकाय | वी.न.पा.-११ | २०७७ | १००००० |
| १२ | सविना पुन | वी.न.पा.-११ | २०७७ | १००००० |
| १३ | पूनम थापा | वी.न.पा.-१३ | २०७७ | १००००० |
| १४ | मिना खत्री | वी.न.पा.-१ | २०७७ | १००००० |
| १५ | सरिता वि.क. | वी.न.पा.-११ | असार२०७८ | १००००० |
| १६ | चन्द्रा पराजुली | वी.न.पा.-१ | असार२०७८ | १००००० |
| १७ | याम कुमारी सार्की | वी.न.पा.-२ | असार२०७८ | १००००० |
| १८ | सिता वि.क. | वी.न.पा.-४ | असार२०७८ | १००००० |
| १९ | सारिका वसेल | वी.न.पा.-५ | असार२०७८ | १००००० |
| २० | शुष्मिता वि.क. | वी.न.पा.-५ | असार२०७८ | १००००० |
| २१ | भावना गुरुङ्ग | वी.न.पा.-९ | असार२०७८ | १००००० |
| २२ | कौशिला नेपाली | वी.न.पा.-१० | असार२०७८ | १००००० |
| २३ | लक्ष्मी ढकाल | वी.न.पा.-११ | असार२०७८ | १००००० |
| २४ | ममता रोकाय | वी.न.पा.-१२ | असार२०७८ | १००००० |
| २५ | सम्झना ढुंगाना | वी.न.पा.-१५ | असार२०७८ | १००००० |
| २६ | झरना विश्वकर्मा | वी.न.पा.-१६ | असार२०७८ | १००००० |
| २७ | धन कुमारी सिजापति | वी.न.पा.-२ | भदौ२०७८ | १००००० |
| २८ | लिला अधिकारी | वी.न.पा.-२ | भदौ२०७८ | १००००० |
| २९ | सपना सिंह | वी.न.पा.-८ | भदौ२०७८ | १००००० |
| ३० | मन्जु सुनार | वी.न.पा.-५ | भदौ२०७८ | १००००० |
| ३१ | कल्पना खत्री | वी.न.पा.-११ | मंसिर२०७८ | १००००० |
| | जम्मा | | | ३१,००,०००।- |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३१,००,००० |

११३.२ **संगठन तथा व्यवस्थापन सर्वेक्षण** - यस कार्यालयमा लामो समयदेखि O&M कार्य नभएको पाइएको छ जसले गर्दा कार्य सम्पादनमा गुणस्तरता एवं सेवा प्रवाहमा प्रतिकुल असर परेको देखिन्छ । जसले गर्दा दरबन्दी भन्दा बढि जनशक्ति कार्यरत भएको हुदाँ बेरुजुको मात्रामा पनी बढोतरी भएको देखिन्छ । कार्यालयले यथाशिघ्र O&M गर्नुपर्ने देखिन्छ ।

११३.३ **धरौटी** - धरौटी रकम सम्बन्धमा यस कार्यालयको धरौटी खातामा रु.२,०१,६५,२०८।२६ (दुई करोड एक लाख पैसट्ठी हजार दुइ सय आठ पैसा छब्बिस मात्र) मौज्दात रहेकोमा रु.१,५०,८८,१४८।- (एक करोड पचास लाख अठासी हजार एक सय अट्चालिस मात्र) को नामनामेसि खुलेको भएतापनि बाँकी ५०,७७,०६०।२६ (पचास लाख सतहत्तर हजार साठी रुपैया पैसा छब्बिस मात्र) नाम नामेसी खुलेको देखिदैन। यस कार्यालयले धरौटी खातामा रहेको रकमको अवधी सकिएको भए नियमानुसार सदरस्याहा गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५०,७७,०६०.२६ |

११३.४ **गत वर्षको भुक्तानी** - भुक्तानी बाँकी सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद ४ को ३१ (१३) अनुसार महालेखा परिक्षकबाट स्वीकृत ढाँचामा आर्थिक बर्ष समाप्त भएको सात दिनभित्र प्रमाणित गराइ राख्रुपर्ने भन्ने व्यवस्था छ । कार्यालयले गत बर्षको भुक्तानी बाँकी भनी चालु तर्फ ५३,८६,२८९।- र पूंजीगत तर्फ २,०३,१५,३३४।- गरी जम्मा रु.२,५७,०१,६२३।- खर्च गरेको देखिन्छ । यसरी प्रमाणित नगरी भुक्तानी भएकोले अनियमित भएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,५७,०१,६२३ |

११३.५ **लिलाम बिक्री** - यस नगरपालिकाले वीरेन्द्रनगर क्षेत्रभित्र रहेका जन उच्च माध्यमिक विद्यालय वडा नं ६, ने रा मा वि वडा नं ६, श्री कृष्ण संस्कृत माध्यमिक विद्यालय वी न पा ७ ले सटर निर्माण गरी भाडामा लगाइ हालसम्म नगरपालिकालाई बहाल कर तिरेको छैन र यस नगरपालिका क्षेत्रभित्रका ७२ वटा सामुदायिक वन बाट हालसम्म कुनैपनी आम्दानी प्राप्त नभएको देखिन्छ । नगरपालिकाले कार्योजना बनाइ आन्तरिक आय बृद्धी गर्नुपर्ने देखिन्छ ।

११४ **छोरी वचत खाता** - प्रदेश सरकारले महिला वर्गको उत्थान, सशक्तिकरण र समग्र विकास तथा बालवालिकाहरुमाथीको लैङ्गिक विभेद अन्त्य गर्न, सामाजिक कुसंस्कारको रुपमा रहेको वालविवाह रोक्न र बालिकाहरुको कम्तिमा स्नातक तहसम्मको पढाई सुनिश्चित गर्न "बैंक खाता छोरीकोः सुरक्षा जीवन भरीकै" कार्यक्रम गत विगत देखिने कार्यान्वयनमा रहेको छ । कार्यक्रम संचालन निर्देशिका अनुसार खाता सिफारिस भएका छोरीहरुको खातामा प्रत्येक महिना रु.५००।— दरले रकम जम्मा गर्नुपर्ने व्यवस्था रहेकोमा यो वर्ष रकम जम्मा गरेको छैन । भुक्तानी अभिलेख समेत पेश भएन । प्रदेश सरकारले महत्वकाक्षी योजनाको रुपमा दीर्घकालीन दायित्व बढ्नेगरी संचालित सो कार्यक्रमको भुक्तानी हुन नसक्दा सार्वजनिक दायित्व पूरा गर्न सकेको देखिएन ।कार्यक्रम संचालन गर्दा उपयुक्त आधार वेगर भएको निर्णमा पुनर्बिचार गर्नु पर्दछ ।

११५ **प्रधानमन्त्री रोजगार कार्यक्रम** - प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन गर्दा परिच्छेद-३ (८) मा श्रममुलक आयोजनाको विवरण रोजगार व्यवस्थापन सूचना प्रणालीमा श्रावण महिना भित्र प्रविष्टि भएका बेरोजषारहरुलाई

प्रधानमन्त्री रोजगार कार्यक्रमबाट विनियोजन भएको रकम श्रमिकको ज्याला बापत बैंक खातामा निकासा गर्नुपर्ने तथा परिच्छेद-३ (४)(घ) मा स्थानीय समुदायको सामाजिक र आर्थिक उन्नतिमा प्रत्यक्ष सहयोग पुग्ने गरी सञ्चालन गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस कार्यक्रमा छनोट भएका १३ वटा कार्यक्रम सञ्चालनमा रु.५०,१९,७७५/- खर्च भएको छ ।अनुसूची-३ (५) मा सुचिकृत बेरोजगार व्यक्तिलाई न्यूनतम एक सय दिनको रोजगारी उपलब्ध गराउनुपर्ने व्यावस्था भएपनि पालिका अन्तर्गत छनोट भएका योजनामा अधिकतम ५४ दिन र न्यूनतम १८ दिन मात्र श्रमिकले रोजगार पाएको देखिन्छ । सुचिकृत भएका व्यक्ति २०१७ मध्ये ५१३ एक सय दिनको रोजगार प्राप्त गरेको देखिदैन । १३ वटा कार्यक्रम सम्पन्न गर्न सुचिकृत भएका १०० जना श्रमिकले रोजगारी प्राप्त गरेका छन । कार्यक्रमको उद्देश्य अनुरुप बेरोजगार सूचीमा सूचीकृत भएका सम्बन्धित क्षेत्रका बेरोजगारलाई रोजगारी दिने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।

११६ **मुख्यमन्त्री रोजगार कार्यक्रम** - कर्णाली प्रदेशका बेरोजगार युवालाई रोजगारी दिने उद्धेश्यले मुख्यमन्त्री रोजगार कार्यक्रम कार्यविधि, २०७८ जारी भई मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ ।कार्यविधिको परिच्छेद-३ (६) मा मुख्यमन्त्री रोजगार कार्यक्रमबाट विनियोजन भएको रकम श्रमिकको ज्यालामा मात्रै खर्च गर्नुपर्ने र ज्याला वापतको रकम श्रमिकको बैंक खातामा निकासा गर्नुपर्ने व्यवस्था छ । कार्यक्रमा छनोट भएका १६ वटा कार्यक्रममा कार्यक्रम सञ्चालनमा रु. ९७३८०४०/- खर्च भएको छ । पालिका अन्तर्गत छनोट भएका योजनामा अधिकतम दिन र न्यूनतम दिन मात्र श्रमिकले रोजगार पाएको देखिन्छ । सुचिकृत भएका व्यक्ति २०१७ मध्ये १०० एक सय दिनको रोजगार प्राप्त गरेको देखिदैन । १६ वटा कार्यक्रम सम्पन्न गर्न सुचिकृत भएका २९३ जना श्रमिकले रोजगारी प्राप्त गरेका छन । कार्यक्रमको उद्देश्य अनुरुप बेरोजगार सूचीमा सुचिकृत भएका सम्बन्धित क्षेत्रका बेरोजगारलाई रोजगारी दिनेतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

११७ **सामाजिक सुरक्षा भत्ता**

११७.१ **लाभग्राहीको अभिलेख** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को दफा १० बमोजिम स्थानीय तहले भत्ता पाउने लाभग्राहीहरुको फोटो सहितको मुल अभिलेख नियमावलीको अनुसूची- ३ बमोजिम लक्षित समुह अनुसार छुट्टाछुट्टै अद्यावधिक गरी स्थानीय तह र प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने व्यवस्था छ । पालिकाले अनुसुची- ३ बमोजिम लक्षित समुह अनुसार छुट्टाछुट्टै मुल अभिलेख राखेको देखिएन ।

११७.२ **लगत अद्यावधिक** - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ मा सामाजिक सुरक्षा प्राप्त गरिरहेका सवै प्रकारका लाभग्राहिले अगामी आर्थिक बर्षमा भत्ता लिनका लागि तोकिएको ढाँचामा सो कार्यविधिको दफा ५(१)मा उल्लेखित समयाबधी भित्र सम्बन्धीत पालिकामा दरखास्त दिनुपर्ने ब्यवस्था छ। मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाच वर्ष उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेख कट्टा गर्नुपर्दछ । सो सम्वन्धी विवरण अध्यावधिक गरेको पाईएन।तसर्थ भत्ता पाउनेको विवरण अध्यावधिक गरेर मात्र भत्ता वितरण गर्न तर्फ पालिकाले ध्यानदिनु पर्दछ ।

११७.३ **सार्वजनिक सुनुवाई र अनुगमन** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ बमोजिम सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमनको व्यवस्था गरेको छ । पालिकाले

सामाजिक सुरक्षा सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन । सामाजिक सुरक्षा भत्ताको दुरुपयोग हुन नदिन पालिका स्तरीय अनुगमन संयत्रलाई प्रभावकारी बनाउनु पर्दछ । साथै सार्वजनिक सुनुवाई गरी लगत अद्यावधिक गर्ने कार्यमा विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

११७.४ **पारदर्शिता कायम** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२(२) बमोजिम स्थानीय स्थानीय तहले भुक्तानी गरेको रकम र बुझी लिने व्यक्तिको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र उपदफा ३ बमोजिम भत्ता प्राप्त गर्ने लाभग्राहीको नामावली सम्बन्धीत स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था छ । पालिकाले लाभग्राहीको नामावली सार्वजनिक गर्नुको साथै वेभसाइटमा प्रकाशन गरेको छैन ।

११७.५ **सामाजिक सुरक्षा भत्ता दोहोरो** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ४ को बुँदा नं १४ मा प्रत्येक स्थानीय तहले प्रविष्ट गरेको अद्यावधिक एम.आई.एस लगतका बाश्रमा भत्ता रकम निकासा पाउने सम्बन्धमा व्यवस्था छ। गाउँपालिकाबाट प्राप्त एम.आई.एस मूल अभिलेखको परीक्षण गर्दा लाभग्राहीहरुको विवरण पूर्ण रुपमा भरेको देखिएन । साथै प्रथम त्रैमाशिक सामाजिक सुरक्षा भत्ता निकाशाको नमुना छनौट गरी परीक्षण गरिएकोमा निम्नानुसारका लाभग्राहीको नागरिकता प्रमाण पत्र नं, नाम थर, खाता नम्बर, दोहोरिएकोमा पनि रु.४,३०,२१०/- भत्ता भुक्तानी गरेको देखिएकोले उक्त रकम यकिन गरी असुल गर्नुपर्ने रु.

| वाड नं. | लाभग्राहीको नाम | लिङ्ग | जन्म मिति | नागरिकता नम्बर | रकम |
|---|---|---|---|---|---|
| १ | Amrita Damai | FEMALE | 15-4-2012 | ३८१६ | ७९८० |
| १ | Dhansari Khatri | FEMALE | 10-05-2008 | ५३३३ | १२००० |
| १ | Dhansari Sunar | FEMALE | 15-11-2016 | १२९९ | ७९८० |
| १ | Hari Devi Thapa | FEMALE | 30-12-2006 | ५६८ | १२००० |
| १ | Krishna Raj Dhamala | MALE | 15-05-2007 | ६४०१६९०२४२९ | १२००० |
| १ | Laxima Devi Magar | MALE | 09-09-2008 | ७४ | २४००० |
| १ | Manikala Gurung | FEMALE | 16-8-2027 | ६४१०१७८१०१५ | ७९८० |
| १ | Manisara Bhattarai | FEMALE | 15-03-2009 | १११६ | १२००० |
| १ | Mina Khanal | FEMALE | 28-6-2038 | ६६०६८ | ७९८० |
| १ | Rupkali Adhikari | FEMALE | 11-5-2038 | ६६६६७९ | ७९८० |
| १ | Sabitri Damai | FEMALE | 25-5-2025 | १०१७९४३९४ | ७९८० |
| १ | Tek Bahadur Sunar | MALE | 17-01-2018 | ५९९९ | ७९८० |
| २ | Birdi Sunarni | FEMALE | 3-5-2008 | १५११५ | १२००० |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | Diladevi Sapkota | FEMALE | 30-12-2002 | ३२०५३ | १२००० |
| ४ | parbati pokhrel | FEMALE | 08-01-2010 | ७११ | ८००० |
| ४ | shanti damai | FEMALE | 26-06-2022 | ३२४२ | ५३२० |
| ४ | tulsa khadka | FEMALE | 20-11-2024 | १६१५० | ५३२० |
| ७ | Rupisara Soti Magar | FEMALE | 28-12-2010 | २२९२ | १२००० |
| ७ | Surat Bahadur Malla | MALE | 07-03-2006 | ४४७३४७२४ | १२००० |
| ८ | Kiran Sharma | FEMALE | 1-12-2008 | ९७ | १२००० |
| ८ | Krishna Nepali | FEMALE | 17-1-2039 | ६४१०१७८३०४० | ७९८० |
| ८ | Laxmi Kunwar | FEMALE | 30-12-2010 | ८६९० | १२००० |
| ८ | MAGI BUDHA CHHETRI | FEMALE | 11-10-2016 | ५२८५१५७८ | ७९८० |
| ८ | Pabitra Acharya | FEMALE | 04-03-1996 | १४६०२ | १२००० |
| ८ | Priyanka Nepali | FEMALE | 10-7-2077 | | १५९६ |
| १२ | Harikala Sunar | FEMALE | 10-5-2026 | ४०६६१ | ११९७० |
| १२ | Jay Prasad Paudel | MALE | 19-07-2000 | १६६६८१०० | १२००० |
| १२ | Kalpana Shahi | FEMALE | 05-05-2038 | ६११०१५४४०१२ ८१ | १४३६४ |
| १२ | Laxmi B.K. | FEMALE | 15-8-2029 | ६४१०१७९६६९६ | ७९८० |
| १२ | Laxmi Sarki | FEMALE | 17-6-2028 | ६४८३९ | ७९८० |
| १३ | Bal Kumari Rawot | FEMALE | 3-5-2028 | ६४०१७२००१५७ | ७९८० |
| १३ | Basundhara Subedi | FEMALE | 20-1-1994 | २१८४१ | १२००० |
| १३ | Harikala Budha | FEMALE | 1-1-2000 | ६१०१ | १२००० |
| १३ | Harikala Damai | FEMALE | 13-1-2002 | ३१३९ | १२००० |
| १३ | Kaushila Kami | FEMALE | 25-6-2029 | ६४१०१९८८८१२ | ७९८० |
| १३ | Ramila Budha Kathayat | FEMALE | 25-2-2036 | ८४३४ | ७९८० |
| १३ | Sumitir Kami | FEMALE | 21-3-2008 | १५६६२८६६ | १२००० |

| | | | | | |
|---|---|---|---|---|---|
| १३ | Swastika Pariyar | FEMALE | 22-11-2047 | ६५०१७००३७०४ | ७९८० |
| १३ | Tulasi Devi Dharti Magar | FEMALE | 1-2-1996 | ४१३० | १२००० |
| ९ | Purna Sunar | FEMALE | 9-12-2007 | ६४०१७५०३३५६ | १२००० |
| ९ | Ram Kala Thapa Magar | FEMALE | 13-04-2016 | ३०५१०४६ | ७९८० |
| ९ | Tara Kumari Khatri | FEMALE | 1-1-2036 | ३२४६३ | ७९८० |
| ९ | Tika Thapa | FEMALE | 7-7-2011 | ५३३ | ७९८० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,३०,२१० |

# अनुसूचीहरू

अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

**आर्थिक बर्षः** २०७९/८०

**कार्यालय र स्थान**- बीरेन्द्रनगर नगरपालिका, सुर्खेत

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | गेहेन्द्र बहादुर डाँगी | २०८०-१-३ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | हरि बहादुर क्षेत्री | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २३,२२३,२३४.५७ | ५३,९०९,५८१.९८ | ४५,१४०,३१५.१३ | ० | ० | १५,२१९,५७८.३ |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजु रु.** | | | | | १३७,४९२,७०९.९८ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ९६८,०७९.०० |
| **संपरीक्षणबाट थप भएको बेरुजु रु.** | | | | | ०.०० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजु रु.** | | | | | १३६,५२४,६३०.९८ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ५२८९८६२४७.३ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ८६२४२१५०० | **चालु खर्च** | ९३६१०४९८६.९२ |
| **प्रदेश सरकारबाट अनुदान** | २७१४५७०५४ | **पूँजीगत खर्च** | ४४७८२९१३८.८ |
| **राजश्व बाँडफाँट** | १३८१२४८१५.०९ | **वित्तीय/अन्य व्यवस्था** | ४६६६८२८६२.१३ |
| **आन्तरिक आय** | २२१०४३५४७.४८ | | |
| **अन्य आय** | ४६१८२५२९७.३७ | | |
| **कुल आय** | १९५४८७२२१३.९४ | **कुल खर्च** | १८५०६१६९८७.८५ |
| **बाँकी मौज्दात** | | ६३३२४१४७३.३९ | |